# प्रदेश सभा

## गण्डकी प्रदेश
## चौथो अधिवेशन
## (बिसौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण
**मिति : २०७६/०३/०९ गते, अपरान्ह ४:०० बजे ।**

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको ४ बजेर २१ मिनेटमा प्रारम्भ भयो।

### माननीय सभामुखज्यू

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, सर्बप्रथम म, माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङलाई सभालाई सम्बोधन गर्न आग्रह गर्दछु ।

### माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ

माननीय सभामुख महोदय, अहिले हामी गण्डकी प्रदेश सभाको चौथो अधिवेशन जसलाई बर्खे अधिवेशन पनि भन्छौं र यो अधिवेशनमा सरकारको नीति कार्यक्रम र बजेटको बारेमा छलफल हुने कुरा हामी सबैलाई थाहा छ र छलफलकै क्रममा प्रदेश सरकारले आफ्नो नीति कार्यक्रम प्रस्तुत गरेको त्यो नीति कार्यक्रमलाई यो सम्मानित सदनबाट पास भई सक्या छ र हामीले प्रदेश सरकारको तर्फबाट आर्थिक वर्ष २०७६/०७७ को बजेट पनि पेश गरेका छौं र यो बजेट माथि छलफलको क्रममा प्रमुख प्रतिपक्षीका माननीय सदस्यज्यूहरुले केही सन्दर्भहरु उठाउनु भएको छ। यो बजेट आफ्नो सिद्धान्तबाट च्यूत भएको छ यो बजेट कानूनसंवत् पनि देखिएन र यो बजेटमा समानुपातिक विकासको अवधारणा पनि सम्बोधन पनि भएन भन्ने खालका केही जिज्ञासाहरु  आलोचनाहरु भएको छ। माननीय सदस्यहरुलाई म के अनुरोध गर्न चाहन्छु भने हामी सबै लोकतन्त्रमा विश्वास गर्छौं। संसदीय शासन प्रणालीमा विश्वास गर्छौं र सार्वभौम जनताबाट निर्वाचित हामी जनप्रतिनिधिहरुको साझा थलो यो छ सदन, सार्वभौम अधिकारको प्रयोग गर्ने थलो पनि हो र सार्वभौम अधिकारको अरु अधिकार सहितको यो सदनमा राजकीय अधिकार प्रयोग गरि रहंदाखेरि, सार्वभौम अधिकार प्रयोग गरि रहँदाखेरि उठेका केही विषयहरुमा छलफल गर्नु त्यो स्वाभाविक कुरा हो। प्रतिपक्षीहरुले आफ्नो मागहरु राख्नु स्वाभाविक कुरा हो आफ्नो विचार धारणाहरु राख्ने कुरा पनि अस्वाभाविक लाग्दैन। त्यसमा सत्तापक्षको तर्फबाट या सरकारको तर्फबाट म भन्न के चाहन्छु भन्दाखेरि हामीले पेश गरेको जुन बजेट छ यो बजेटले आफ्नो प्राथमिकता तोकिएकै छ। आफ्नो सिद्धान्तहरु यसले तोकेकै छ। सिद्धान्त र प्राथमिकतामा हामीले छलफल चलाएर यो सम्मानित सदनले त्यसलाई पनि पारित गरेकै छ या त्यसलाई पनि छलफल गरि यसलाई ओके गरेकै छ। त्यसकारण हामीले हाम्रो बजेटमा सरकारले सम्मानित सदनमा पेश गरिएको जुन प्राथमिकता छ, त्यो प्राथमिकता भन्दा तलमाथि गर्ने प्रश्न नै छैन त्यो सदनको अपमान हुन्छ त्यसो गर्दाखेरि त्यस कारण हामीले बजेटको प्राथमिकतालाई तलमाथि गरेका छैनौं। त्यसकारणले सैद्धान्तिक हिसाबले पनि यो बजेट तलमाथि छैन भन्ने मेरो विश्वास हो। म माननीय सदस्यहरुलाई निवेदन गर्न चाहन्छु। हामीले बजेटमा जुन खालको सिद्धान्तको कुराहरु उठाएका छौं जुन सिद्धान्तको आधारमा हाम्रो बजेट निर्माण हुन्छ भनेर हामीले यो सदनमा पेश गरेका थियौं त्यसैमा आधारित भएर हामीले यो बजेट पेश गरेको हुनाले, सिद्धान्तको हिसाबले, विचारको हिसाबले या प्राथमिकताको हिसाबले यो बजेट तलमाथि छैन भन्ने कुरा म यहाँहरु समक्ष निवेदन गर्न चाहन्छु। जहाँसम्म हामी यो संसद आफ्नै एउटा समस्या समाधानको थलो पनि भएको हुनाले जबसम्म समस्याहरु उत्पन्न हुन्छन् हामीहरुले समस्या यहिंबाट

समाधान गर्छौं त्यो समाधान हामीले सडकबाट खोज्दैनौं त्यो समाधान अरु उपायबाट खोज्दैनौं यो सदनबाट नै हामीले समस्याको समाधान खोज्ने भएको हुनाले त्यसको सायद सबै भन्दा प्रभावकारी माध्यम भनेको वार्ता होला, सदभाव होला, सहमति होला। उहाँहरुले त्यो कुरा उठाई सकेपछि सरकार र प्रमुख प्रतिपक्षको बिचमा छलफल चलाएका छौं। छलफलमा उठेका विषयहरुमा हामीले विशेष रुपमा छलफल चलाएर एउटा साझा निश्कर्षमा, एउटा सहमतिमा, एउटा समस्या समाधानको तहमा हामी पुगेका छौं। त्यस कारणले म प्रतिपक्षका माननीय सदस्यहरु र अरु सदस्यहरुलाई पनि के अनुरोध गर्न चाहन्छु भने सभामुख मार्फत केही प्रश्नहरु उठेका छन् जस्तो जिल्लै छुटेको हुनाले सिंचाई तटबन्धको सवालमा जिल्लै छुटयो। नवलपुर जिल्ला छुटयो, कास्की जिल्ला छुटयो या तनहुँ जिल्ला छुटयो भन्ने कुरा, जिल्लै छुटने कुरा समानुपातिक विकासको हिसाबले पनि उचित होइन भन्ने कुरा त सैद्धान्तिक हिसाबले ठीक हो। अरु साँच्चै नवलपुर, कास्की या तनहुँ छुटेकै हो त भन्दाखेरि हाम्रो मिस्टेक कहाँ भएको छ? समस्या कहाँ भएको छ? भने हामीले बजेटको बारेमा छलफल चलाउँ थियौं यस पटक शायद त्यो हामीले आत्मसमिक्षा गर्नु पर्छ होला। अलि लामो समयदेखि आर्थिक वर्षको बजेट मंसिर-पुषबाटै शुरु हुनुपर्छ र आफ्नो लाइन एजेन्सिहरुले त्यहींबाट तल्लो तहमा जे जे कमिटीहरु छन् संस्थाहरु छन् हाम्रा कार्यालयहरु छन् त्यहीँबाट जनताका के समस्याहरु छन् र माननीयज्यूहरुले के समस्या राख्नु हुन्छ त्यहींबाट प्रस्तावहरु आउने अर्थ मन्त्रालय र मन्त्रालयको अरु मन्त्रालयको बिचमा छलफल चलाउने, अर्थ मन्त्रालयले तोकेको सिलिङ्गका आधारमा कुन-कुन विषयहरुलाई कुन-कुन प्राथमिकतालाई कसरी लैजाने भन्ने आधारमा हामीले छलफल चलाउने कुरा यस पटक कम गर्‍यौं। अहिले ढिलो बजेट माथिको छलफल शुरु भयो हामी धैरै उत्साहित थियौं, हाम्रो मन्त्रीज्यूहरु धैरै उत्साहित हुनुहुन्थ्यो, मन्त्रालयहरु धैरै उत्साहित थिए त्यस कारणले अर्थ मन्त्रालयलाई माथिबाट जे खालको सिलिङ्ग एक खालको आधार दिइएको थियो त्यसको आधारमा तोकिएको सिलिङ्ग भन्दा पनि धैरै एक अरब, डेढ अरब, अस्सी, नब्बे करोड बढि चाँहि सिलिङ्ग भन्दा बढि योजनाहरु प्रस्ताव बजेटको प्रस्ताव गरेको देखियो। कार्यक्रमहरु प्रस्ताव गरेको स्थिति थियो। त्यस कारणले त्योबेला चाँहि सिलिङ्ग मिलाउँदाखेरि ति बजेटहरु तलमाथि गर्नु पर्ने अवस्था हुँदाखेरि हामीले मन्त्रालय र अर्थमन्त्रालयको बिचमा जे खालको सहमति भएको थियो। त्यो सहमति हुँदाखेरि त्यो डाटाहरु या चाँहि बजेटहरु इन्ट्रि गर्ने कुरामा केही समस्याहरु पैदा भएको थियो त्यस कारणले त्यो इन्टेनशन त कुनै पनि हालतमा होइन, इन्टेनशन भएको भए कुनै अमुक अमुक तपाईंको योजना छुटथियो न त जिल्लै छुटने कुरा टेकनिकल मिस्टेक थियो त्यो, त्यसकारणले त्यो टेकनिकल मिस्टेकलाई यस पटक हामीले सच्चाएका छौं र हामीले अमुक छुटेका विषयहरु यि यि हुन यो चाँहि समावेश हुन्छ बजेटमा भनेर भन्या छ यो सबै माननीय सदस्यज्यूहरुको हाथमा पुगि सक्या छ त्यस कारणले यसको समाधान चाँहि सिंचाईको तटबन्धको समस्याको समाधान हामीले गरेका छौं दुईटा पक्ष मिलेर र त्यसैमा नदिएको नाम किटान गर्न फेरि तटबन्धको कहाँ हो त भनेर अहिले अहिले हामीले सबै कुरा प्रबन्ध गरेर फलानो फलानो नदिमा यहि खोलामा यि यि तटबन्ध हुन्छ भनेर भन्या छौं त्यो समस्याको पनि समाधान भाछ मलाई लाग्छ। त्यसको साथसाथै माननीयहरुले भन्नु भाथियो बजेट वक्तव्यमा जे कुरा आयो बजेट वक्तव्यलाई पनि नछोइकन पनि तल वार्षिक कार्यक्रम आयो भन्ने कुरा गर्‍या थियो त्यसको चाँहि मिस्टेक भाको होइन। अब बजेट वक्तव्यै छोडेर तपाईंको हाम्रो आधार हो नीति कार्यक्रम हो बजेट ल्याउने त्यस कारणले बजेट आउँदाखेरि बजेट वक्तव्य आउँछ। बजेट वक्तव्यको आधारमा आधारित भएरै वार्षिक कार्यक्रमहरु आउने हो। त्यसमा भेदभाव भने होइन तर केही केही कुराहरु छुट चाँहि भएको भए त्यसमा मिलाउने हो त्यस कारणले यो कानून विपरीत पनि थिएन भनेर मैले यहाँहरुसँग निवेदन गर्न चाहेको। राष्ट्रिय स्वयम् सेवक संघको जुन कुरा यो संघबाट आएको कार्यक्रम भा हुनाले यो हाम्रो कार्यक्रम होइन। हामीले खाली त्यो खाली हामीलाई त्यो कार्यान्वयन गर्ने जिम्मा दिइएको छ। त्यसमा हामीले लामो छलफल राख्नु पर्छ भन्ने लागेन। अब बरपिपलको संरक्षण बारेमा बजेट बनेन त्यो कानून विपरीत कुरा भन्दापनि वक्तव्य बजेट, बजेट वक्तव्यमा आएको आएन या नीति कार्यक्रममा आएन भन्ने कुरा चाँहि हामीले के गर्‍या थियौं भने छलफल बर पिपलको सन्दर्भमा छलफल उठया थियो तर यस पटक हामीले जे खालको प्राथमिकता तोक्या थियौं, जे खालको सिद्धान्त तय गर्‍या थियौं, अहिले चाँहि शायद बर पिपल संरक्षण गरेर हाम्रो उत्पादन उत्पादकत्व बढदैन कि हाम्रो रोजगारी सृजना गर्ने काममा यसको योगदान धैरै पुग्दैन कि यद्यपि यो चाँहि गर्नु पर्ने छ र हामीले बर पिपलको हुँदैन कि भनेर र गरिबी निवारणमा यसको ठूलो योगदान पुग्दैन कि त्यस कारणले हामीले चाँहि यो कुरामा प्रायोरिटी नदिएर कानून आएको भएपनि कानूनले जसरी

संरक्षणको कुरा गरि रहेकै छ बाँकि तपाईंहरुको कार्यक्रमहरु ल्याउने कुरामा हामीले यस पटक के निर्णय गऱ्या हो भनेदेखि प्राथमिकताको आधारमा यो प्राथमिकताभित्र नपरेको हुनाले हामीले खाली पूर्वाधारमा गत वर्षको भन्दा यो वर्षमा भोल्युम हेर्दाखेरि पूर्वाधारलाई हामीले बेसी जोड दिएका छौं। यद्यपि गतवर्ष पनि भौतिक पूर्वाधारको एक्लैको बजेटको व्ययभार ३६% जति थियो अहिले हामीले सडक र सडक पुलमा मात्रै २५% हाम्रो बजेटको व्ययभार त्यहाँ छुट्टयाएका छौं त्यस हिसाबले गर्दाखेरि बढी तपाईंको पूर्वाधार निर्माणमा जोड दिने। पूर्वाधार निर्माण भयो भने, कृषिको आधुनिकिकरणको नै ढोकै खुल्छ, औद्योगिकरणको नि त्यसैले ढोका खोल्ने कुरा हुन्छ, उर्जाको विकासमा पनि त्यसले योगदान दिन सक्छ। जे जे कुरा पर्यटनको पूर्वाधार विकास गर्ने कुरा, पर्यटनको निर्माण गर्ने कुरा त्यसैले सबै कुराको त्यसले ढोका खुल्ने। विकासको एउटा मेरुदण्ड या संमृद्धिको बाटोको मेरुदण्डलाई यातायात चाँहि भा हुनाले, पूर्वाधार भाहुनाले त्यसमा पनि खास गरिकन सडक यातायात या सडक पुल चाँहि बढि चुनौति जोड दिएका छौं र अरु कृषिको आधुनिकिकरण, व्यवसायिकरण र यान्त्रिकिकरणमा पर्यटन क्षेत्रको अझ सन्तुलित विकास र त्यसको पूर्वाधारको एकिकृत पूर्वाधारको विकासमा बढि बजेट विनियोजन गर्नु पर्छ अरु त तपसिलको विषयहरुमा जान हुँदैन र खाली शिक्षा र स्वास्थ्यमा हामीले एउटा फण्डामेन्टल राइटको हिसाबले पनि शिक्षा जनताको नैसर्गिक अधिकारको कुरा भयो। स्वास्थ्य जनताको नैसर्गिक अधिकारको कुरा भयो। त्यस कारणले यो यि कुराहरुमा बजेटको एलोकेशन बढि गर्नु पर्छ भन्ने ढंगले यो विषय छुटेको कुरा पनि यो विषयमा यस पटक प्रायोरिटीक्रममा नराखिएको कुरा पनि विगतको प्रायोरिटीको सेक्टरको बारेमा छलफल हुँदाखेरि ज्ञान सीपको कुरा भई सकेको थियो। अब केही कुरा मैले यो रोष्ट्रमबाट बोल्दाखेरि भन्या थिएं इन जेनेरल हामी चाँहि सामान्यता हामी अबण्डा या बास्केट मनिको फण्डको विरुद्धमा छौं। विगतमा पनि धेरै कुरा उठायो विगतमा हामीले धेरै रकमहरु बास्केट फण्डमा राख्नुको कारण या बाध्यता के थियो भनेदेखि हाम्रो केही तयारी थिएन। हाम्रो कुनै योजनाको पनि फिजिबल स्टडी भाथिएन। कुनै पनि योजनाको पनि डिपिआर भाथिएन। यो डिपिआर नभाको कुनै पनि फिजिबल स्टडी नभाको। कुनै स्पोर्ट फलानो विद्यालय भनेर तोक्न नसक्ने, फलानो स्वास्थ्य केन्द्र भनेर तोक्न नसक्ने, फलानो योजना भनेर तोक्न नसक्ने स्थिति धेरै भएको हुनाले पछि चाँहि कार्यविधि बनाएर गरौंला अहिले चाँहि हतार नगरौं तलमाथि हुन सक्दछ भनेर हामीले हाम्रो धेरै रकम बास्केटमा थियो र बास्केटमा भएको हाम्रो जुन सिस्टम थियो त्यसको काफि आलोचना पनि भयो र त्यो आलोचनाको बिचबाट हामीले धेरै भन्दा धेरै कार्यविधि बनाएर कार्यान्वयन गर्यौं। कार्यविधि निर्माण गरेर गर्ने कुरा म फेरि यहाँहरु समक्ष निवेदन गर्न चाहन्छु यो सम्मानित सदनमा म फेरि पनि म आफ्नो भनाई राख्ने क्रममा म एउटा के भन्न चाहन्छु दोहोऱ्याउन चाहन्छु भनेदेखि व्यक्तिले हामी व्यक्तिवादी सिद्धान्तको विरुद्धमा लडेर सतसठ्ठी वर्ष बितायौं हिजो राजा महाराजाहरुले तोक लगाएर कुनै योजना बनाउँथे त्यसपछि पञ्चहरुले तोक लगाएर योजना बनाउँथे। बहुदलकालको प्रारम्भिक दिनहरुमा पनि मन्त्रिहरुले तोक लगाएर जागिर खुआउँथे। योजना छान्थ्ये। अब त्यो विधि प्रक्रिया लोकतन्त्र विरुद्धमा छ। अहिलेको गणतन्त्रको विरुद्धमा छ भनेर हामीले बास्केट मनि फण्ड राख्दाखेरि पनि त्यसलाई पनि भोलि मन्त्रीले पनि मन्त्रालयमा बसेर फलानो फलानो ठाउँमा बसेर रकम छुट्टयाउने गर्ने स्थिति नबनोस् भनेर हामीले यो सदनको भावनालाई पनि कदर गर्दै कार्यविधिमा हामी लामो समय बितायौं र महत्वपूर्ण कार्यविधिहरु पनि बनायौं। एक सय त्रिचालिस वटा कार्यविधि बनाउने यहि यो प्रदेश मात्रै हो। विकास निर्माणको काम संयोजनको लागि वितरणको बजेट वितरणको लागि कार्यक्रम पहिचानको लागि हामीले गऱ्या छौं। यद्यपि त्यसमा त्यसका केही प्रावधानहरुमा हाम्रो आलोचना हुन सक्छ, टिप्पणी हुन सक्छ मन्त्रालय सुधारको पनि हाम्रो सुझावहरु हुन सक्छ। त्यसमा हामीले काफि त्यस्तो सुझावहरु  आलोचना प्राप्त गरेकै छौं र त्यसलाई आगामी दिनमा केही केही कुराहरु कुन कुन विषयमा, कुन कुन दफामा, कुन कुन बुँदामा, कमजोरी रहेको जसले गर्दाखेरि फेरि पनि हाम्रो कार्यविधि अनुसार, कार्यविधि प्रभावकारी ढंगले कार्यान्वयन हुन नसकेको या त्यो सदनले सदनले अनरशिप लिने ढंगले गएन भनेर केहि केही कुराहरु उठेर आएको छ। त्यस  बारेमा म के भन्न चाहन्छु भने त्यो कुरा हामीले पहिचान गरि सक्या छौं। त्यसलाई आगामी दिनमा कार्यान्वयन गर्दाखेरि ति कार्यविधि मार्फतै गर्नु पर्ने कामहरु ति कार्यविधि संशोधन मार्फत नै गर्छौं भन्या छौं। त्यो संशोधन पनि हाम्रो माननीय सदस्यज्यूहरु विश्वास लिएर, उहाँहरु भावना लिएर संशोधन गर्ने भनेर मैले यहि रोष्ट्रमबाट अघि यो भन्दा अगाडी नै यो सदन समक्ष मैले जानकारी गराई सकेको छु। जहाँसम्म निरपेक्ष हुन्छ कि सापेक्ष हुन्छ हरेक कुरा भन्दाखेरि मैले यहि रोष्ट्रमबाट भन्या थिएं हरेक चिज निरपेक्ष हुँदैन। सापेक्षता आधारित हुन्छ फेरि पनि बजेट तपाईंको केही न केही बजेट तपाईंको बास्केट फण्डमा आउन सक्ने, ल्याउन सक्ने स्थिति हुन सक्दछ। हाम्रो अधिकतम प्रयत्न बास्केट फण्ड कुरामा

बास्केट बजेट नल्याउनु पर्ने हो तर केही केही त्यस्तो चिज आउन सक्छ भनेर मैले तेतिखेर पनि संकेत गर्‍या थिएं। त्यो निरपेक्ष चिज हुँदैन फेरि पनि आज गर्दैन गर्दैन भने भोलि गर्ने चिज बन्यो भनें त्यहि अगाडी बढन सक्ने स्थिति हुँदैन। हाम्रो बचनले हाम्रो कामले अहिलेको कमिटमेन्टले भोलि काम गर्ने कुरामा कुनै दरारोनहालोस कुनै पनि हर्डल्स नहोस कुनै पनि च्यालेन्ज तपाईंको सिर्जना नगरोस् भनेर त्यतिखेर पनि भन्या थिएं। त्यो भन्या हुनाले अहिले ल्याएं भन्ने अर्थ मैले भन्न खोज्या होइन। तर अहिले पनि केही त्यसरी आएको छ। ल्याउन पर्ने बाध्यता भयो। उदहारणको लागि म भन्न चाहन्छु साक्षरता अभियानको त अभियानको रकम बजेट हामीले गत साल पनि राख्या हो। गत साल पनि हुनु पर्थ्यो साक्षर बनाउने पाँच वर्ष भित्र भन्या हो तर हाम्रो गत वर्षको बजेट कार्यान्वयन नै भएन। यस पटक संघ सरकारले गत वर्ष राख्या हो अहिले पनि राख्या छ। धैरै अगाडी पनि राख्दै आएको हो तर यस पटक हामीले हाम्रो प्रदेशले साँच्चै नै अबको दुई चार वर्ष भित्र साक्षर वर्षको रुपमा लैजानु पर्छ भनेर यस पटक हामीले पाँच करोड रकम छुट्याएका छौं। म निवेदन के गर्न चाहन्छु। के कुरा म आश्वस्त पार्न चाहन्छु। निवेदन गर्न चाहन्छु माननीय सदस्यज्यूहरु सामु यो सदन सामु भने हामीले यस पटक छुट्याउन छुट्याउँदाखेरि जिल्ला जिल्ला या निर्वाचन क्षेत्र लेभलमा या पालिका लेभलमा किन नछुट्याएको छुट्याउन सकिन्थ्यो तर हामीसँग त्यो समय पर्याप्तै भएन। हामीलाई लास्टमा अलि पछाडी आउँदाखेरि यो साक्षरता अभियान पनि राख्ने भनेको गत वर्ष छुट्याउँछ यस पटक पनि भएन हामीले यो कुरा भन्या भन्या छौं भनेर भन्या थियौं यस कारणले यस पटक योजना बनाएर ल्याउने कुरामा छैन। हामीले फेरि हाम्रो प्लानिङ्ग कमिशनले केही न केही रकम यो तथ्याङ्क उपलब्ध गराएकै छ। कुन कुन जिल्लाको साक्षरता प्रतिशत कति छ भनेर हामीले तेति मोटो तथ्याङ्क थाहा छ। पालिका पालिकाहरु लेभलमा जानु पर्छ भोलि कार्यान्वयनको कुरा पालिका पालिका लेभलमा कति गरेको छ भनेर हामीसँग छैन त्यस कारणले त्यो फेरि हतारो होला भनेर हामीले के भन्या छौं र यो बास्केट फण्ड छुट्याएको छ यो बास्केट फण्ड कसरी खर्च गर्ने भनेर हामीले सरकारले सोचि राखेको भनेदेखि यो जिल्ला लेभलमा जिल्ला समन्वय समितिको प्रमुखको हैसियतमा बनाउनु पर्छ कि प्रमुखको संयोजकत्वमा बनाएर एउटा अभियान शुरु गर्ने र त्यो अभियानले समन्वयको काम मात्रै गर्ने बाँकि नगरपालिका, गाउँपालिकालाई यो कार्यान्वयनको जिम्मा दिने यो कार्यान्वयनको जिम्मा दिंदाखेरि पालिकाको प्रमुख या उपप्रमुख या अध्यक्ष, उपाध्यक्ष को हुन्छ मेरो आफ्नो भनाई त उपाध्यक्षलाई दिंदाखेरि उपयुक्त हुन्छ होला किनभने उपाध्यक्षज्यूको काम कम छ अध्यक्षज्यूको चापाचाप छ। त्यो भएर हाम्रो अभियान अलि प्रभावकारी हुन सक्दछ। त्यस कारणले बजेट हामीले कति प्रतिशत कुन जिल्लामा कति प्रतिशत निरक्षर छन् भन्ने आधारमा बजेट एलोकेशन गरेर त्यसरी एलोकेशन गर्दाखेरि फेरि मुस्ताङ्गको भन्ला ४०% तपाईंको मानिसहरु निरक्षर छन्। अब दश हजारमा ४०% कति हुन्छन्। बजेट त्यसको आधारमा छुट्याउनु पर्ने होला कति जनालाई साक्षर बनाउँने कुरा हुन्छ नि? या महानगरपालिकामा भन्दाखेरि या कास्की जिल्लामा या नवलपुर या तनहुँ जिल्ला या गोरखा जिल्ला या स्याङ्गजा जहाँ जनसंख्या धैरै भएको जिल्लाहरु, हैन। यि जिल्लाहरुमा जिल्लाको ३०% भन्दाखेरि नै धैरै जनतालाई हामीले साक्षर बनाउनु पर्ने हुन्छ त्यस कारणले त्यो सबै हिसाब किताब गरेर हामीले रकम विनियोजन गर्नु पर्ने भाहुनाले यो कुरा अलि पछि गर्नु पर्छ र यसमा मेरो Assurance के छ भन्दाखेरि प्रतिबद्धता के छ भने यो छलफलमा यसको यो पाँच करोड बजेट खर्च गर्ने छलफलमा संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरु, प्रमुख प्रतिपक्ष, अरु दल पनि छन् यहाँ र सत्तापक्ष सबै सरोकारवालाहरुलाई राखेर हामी कसरी जाने भन्ने कुरामा एक खालको प्रोगराम बनाउँछौं त्यसको आधारमा हामी अभियान सञ्चालन गर्छौं। त्यसकारणले माननीयज्यूहरुले जे शंका गर्नु भाछ यसको यो पनि चाँहि मैले तपाईंहरुको सामु फेरि पनि आफ्नो प्रतिबद्धता जाहेर जाहेर गरेको शंका चाँहि गर्नु पर्दैन हामी यसलाई सबैको सहमतिमा कार्य सञ्चालन गर्न चाहन्छौं। अर्को होमस्टेको त कुरा गर्नै परेन। होमस्टे २७३ वटा होमस्टे हाम्रो घोषणा भई सक्या छ। अहिलेको छुट्याएको रकम त्यहिं होमस्टेहरुलाई तपाईंको दिने हो। त्यस कारणले यसमा त्यो पोकै रुपमा आएपनि त्यो जे जे होमस्टे छ त्यो भन्दा अर्को होमस्टेलाई दिने कुरा आउँदैन त्यस कारणले यसमा पनि तपाईले शंका गरी राख्नु पर्ने यसमा सल्लाह गरेर कुन होमस्टेलाई दिने भन्ने कुरा भएन। जति जे होमस्टे त्यसलाई दिने भाहुनाले धैरै समस्या छ जस्तो मलाई लाग्दैन। अर्को तपाईले उठाउनु भयो यहाँ जिज्ञासा के छ भनेदेखि ११० वटा पर्यटकीय गन्तव्यहरु यस पटक घोषणा गर्‍या छ? प्रदेश सरकारले पर्यटन मन्त्रालयले र त्यस मध्ये पर्यटन मन्त्रालयले मन्त्रालयको ११० वटामा हामीले के भन्यो भनेदेखि पर्यटन मन्त्रालय आफैसँग अहिले संरचना छैन। यस पटकको बजेटमा हामीले संरचनाको प्रस्ताव गर्‍या छौं। एउटा पर्यटन मन्त्रालयमा पर्यटनको कार्यक्रमहरु संचालनको लागि एउटा संरचना बनाउनु पर्‍यो। निर्देशनालय या केन्द्र के हुन्छ एउटा

संरचना बनाउनु पर्‍यो। त्यसको लागि हामीले रकम छुट्या छौं त्यसले पर्यटन मन्त्रालय अन्तरगतका सबै कार्यक्रमहरु संचालन गर्ने जिम्मा लिओस् भनेर संरचनाको व्यवस्था गर्ने भन्या छौं। त्यस कारणले यो संरचनाको व्यवस्था, व्यवस्था गरेर पनि जिल्ला जिल्लामा अहिले पनि हाम्रो संरचना छैन पर्यटन मन्त्रालयको। गत वर्ष पनि हामीले ज्ञान कृषि कृषि ज्ञान केन्द्रबाट पशु चाँहि विज्ञ केन्द्रबाट संचालन गर्नु पर्ने होमस्टे कार्यक्रम संचालन गर्नु पर्ने हामीलाई दुख भयो त्यस कारणले त्यस कारण अहिले पनि हाम्रो पर्याप्त यो संरचना व्यवस्था गर्ने सक्ने सिद्धि चाही छ। त्यस कारण ११० वटा हामी काम गर्न सक्दैनौं, खर्च गर्न सक्दैनौं ५०/५० लाखको दरले त्यसले ११० मध्ये चाँहि ४४ वटा मात्रै गन्तव्य रोज्ने तेत्रो ४४ वटा मात्रै रोज्दाखेरि ११ वटा जिल्ला छन् ११ वटा जिल्लाको कुनै पक्षपात नगरिकन माननीय सदस्यको पनि भावनाको कदर गर्दै समानुपातिक विकासको सिद्धान्तको आधारमा १ वटा जिल्लामा, जिल्लाका ४ वटा घोषित ११० वटा मध्ये एक वटा जिल्लाबाट ४-४ वटा गन्तव्यहरु छनौट गर्ने त्यो छनौट गर्ने काममा हामी सँगै बसेर छनौट गर्छौं। तपाईंहरु सबैलाई सम्मान गरी हामी छनौट गर्छौं। त्यसलाई हामी ४० लाख छुट्याएका छौं। यसको पनि त्यसरी हामी समाधान गर्नेछौं भनेर यहाँहरु समक्ष निवेदन गर्न चाहेको छु। स्कुलको केही फेरि तपाईंको केही तपाईंको शिक्षामा आएको छ। यसमा फेरि नयाँ कन्सेप्ट आयो आवासीय विद्यालयहरु नयाँ नमूना आवासीय विद्यालयहरु बनाउनु पर्यो एउटा निर्वाचन क्षेत्रमा एउटा भन्या छौं अहिले हामीले। यहाँ तपाईंको नमूना विद्यालयहरु बनाउनु पर्यो भन्या छ एउटा निर्वाचन क्षेत्रमा त्यस कारण त्यसलाई गत साल एकदम बग्रेल्ती भनेर हामी निरपेक्ष ढंगले छर्या छौं हेर्नु यस पटक निर्वाचन क्षेत्रलाई आधार मानेर त्यसमा एउटा डेभेलप गर्ने भन्या छौं त्यस कारणले निर्वाचन क्षेत्र छान्दाखेरि कुन छान्ने भन्ने कुरा पनि हामी सल्लाह गर्छौं। सल्लाहको आधारमा ती कुराहरु सम्पन्न हुने कुरा पनि यहाँहरु समक्ष म निवेदन गर्न चाहन्छु। अब त्यस बाहेक अर्को एउटा के छ भने, बुँदा नम्बर ५७ को जे विषय छ यो ट्र्याकिङ्ग रुटहरु, मनासलु ट्र्याङ्किङ्ग रुट, राउण्ड अन्नपूर्ण ट्रेकिङ्ग रुट, धौलागिरी ट्रेकिङ्ग रुट, मिलेनियम ट्र्याक लगायतका पार्क या उद्यान या भ्यूटावर जे छन् यसमा माननीयले सन्दर्भ उठाउनु भएको सन्दर्भ के छ यि बाहेक यो बजेट वक्तव्यमा व्याख्या गरेको जे जे बुँदाहरु छन् जे विषयहरु छन् ति बाहेक मन्दिरमा पनि पैसा आउँछ कि छुट्टिन्छ कि या कि तपाईंको पानीको लाइन पनि छुट्टिनछ कि पैसा त्यहींबाट या बाटोको लाइन पनि कृषि सडक ग्रामीण सडक पर्यटन सडक भनेर छुट्टिने हो म चाँहि के एश्युरेन्स गर्नु चाहन्छु भनेदेखि के एश्युर गर्न चाहन्छु भनेदेखि यसमा ट्र्याकिङ्ग रुटमा पर्छ, पार्कमा पर्छ, उद्यान पर्छ, र त्यस पछाडी भ्यू टावरमा, पुल बाहेक अरु शिर्षकमा हाम्रो बजेट वक्तव्यमा उल्लेख नभएका शिर्षकमा बजेट छुट्टिदैंन। यति कुरामा म आश्वासन दिन चाहन्छु, किन भने यसको र अर्को कुरा कार्यक्रम दोहोरी रहेको विषय सन्दर्भ के रहेछ भनेदेखि दुई-तिनवटा कुराले एउटा हाम्रो डिभिजन वन मन्त्रालयको कार्यक्रमहरु डिभिजन वन मन्त्रालयबाट सब डिभिजन कार्यालयहरुबाट संचालन हुनु भएको र सबको एउटै मोडेलिटीमा कार्यक्रम हुन्छ उनीहरुको। यहाँको मन्त्रालय हुन्छ, मन्त्रालयको तल निर्देशनालय छ, त्यो मन्त्रालय निर्देशनालय निरीक्षण गर्ने काम तपाईंको तलतिर दिंदाखेरि एउटै मोडालिटीको काम भएको हुनाले उस्तै उस्तै, उस्तै हो सबै। यो त्यही त्यही नामको लमजुङ्गमा पनि हुन्छ, वनको त्यही नामको तपाईंको म्याग्दीमा पनि हुन्छ, त्यही नामको नवलपुरमा पनि हुन्छ, त्यस कारणले हामीलाई त्यहाँ धेरै दोहोरिएको जस्तो लाएको हो त्यसलाई हामीले म्यानेज गरेर यो यो जिल्लाको यो भन्या छौं। अर्को चाँहि भ्रम परेको रहेको छ के हो भन्यादेखि हाम्रो त वन र सिचाईंको सबै जिल्लामा छ कार्यालय। अरु केरे कार्यालयहरु सबै जिल्लामा छैनन्। पूर्वाधारको कार्यालय सबै जिल्लामा छैन। पाँच जिल्लामा मात्रै होला खानेपानि पनि चार जिल्लामा मात्रै होला, ज्ञानकेन्द्र सात जिल्लामा होला, अ छ जिल्लामा पशु विज्ञान केन्द्र सात जिल्लामा छ यो भू तथा जलाधार त जम्मा तीन वटा जिल्लामा छ। तनहुँ, कास्की र बाग्लुङ्गमा छ। भू तथा जलाधारका कार्यक्रमहरु कास्कीले हेर्ने जिल्ला कास्की नै होला, पर्वतले हेर्ने साविक धौलागिरीको चार वटा जिल्ला होला। तनहुँले हेर्ने पाँच वटा जिल्ला होला। नवलपुर, गोरखा, तनहुँ, लमजुङ्ग र मनाङ्ग। त्यही कार्यक्रम त्यहाँनिर हामीलाई शंका लागेको के भनेदेखि अब सबै चिज तपाईंको पोखरा कार्यालयले या तनहुँको कार्यालयले संचालन गर्ने भाहुनाले तनहुँबाट तनहुँ तनहुँ मात्रै लेख्या छ एउटै जिल्लामा पर्या छ अरुमा पर्या छैन।उही कार्यक्रम दोहिराछ भन्ने कुरा आउँछ। यो कुरा टेकनिकल तपाईंहरुको समस्या मात्रै हो यसलाई हामीले मिलाएका छौं। यसमा कुनै समस्या हुँदैन। जहाँसम्म सिचाईंको कार्यक्रम र जिल्ला छुट्यो भन्या छ। अब त्यो अब यो हामीले ति छुटेका सबै कुराहरुलाई त्यो एउटा टेकनिकल मिस्टेक भएको हो त्यसलाई हाम्रो छलफलमा जे कुराहरु सहमति भाथियो हाम्रो अनुसूचीमा नयाँ तपाईंको सूचीकृत गरेर ल्याएका छौं। यो अब

हाम्रो संसदको एउटा प्रोपर्टी हो। यो बजेट पास हुने बेलामा यो पनि सँगसँगै पास हुने कुरा यहाँहरु समक्ष निवेदन गर्न चाहन्छु। त्यस बाहेक धेरै कार्यक्रमहरु जिल्ला जिल्लामा भएको, घरेलुको सिचाईको बनको जहाँ जहाँ जिल्ला जिल्ला कार्यरत छ त्यसमा बढि दोहोरिएको जस्तो देखिएको हो। त्यो दोहोरिएको छैन। खाली त्यो एउटै प्रकारको कार्यक्रम गर्ने भाहुनाले त्यो गर्ने तपाईंलाई दोहोरिएको जस्तो लागेको हो। अर्को कुरा चाँहि पूर्वाधार विकास कार्यक्रमलाई फेरि त्यहाँ पनि समस्या छ हाम्रो हैन। पूर्वाधार विकास कार्यक्रम हामी सबैको चाहना थियो। सैद्धान्तिक रुपले त म यसको विपक्षमा छँदैथिएं। गतसाल पनि मैले तपाईंहरुलाई भनेकै हो। त्यस कारणले एउटा निर्वाचन क्षेत्र, एउटा सडक एउटा बरु एउटा चाँहि यसो गर्नु तर यस्तो नगर्नु भनेको तर चौतर्फी हमलामा परियो। सब्बै प्रदेशले बाँडेको कोईले तीन करोड, दुई करोड, गत साल बाँडेको रैछ हैन? त्यसकारणले हामीले मात्रै किन? यसलाई अलिकति परिष्कृत रुपमा लैजाउँ र सन्तुलित विकासको अवधारणाको आधारमा समानुपातिक विकासको अवधारणामा लै जाँदाखेरि एउटा निर्वाचन क्षेत्र हाम्रो छत्तिस वटा निर्वाचन क्षेत्रमा कहिं जनसंख्या दुई हजार होला कहिं जनसंख्या पाँच हजार होला, कहिं जनसंख्या पचास हजार होला, तर पनि तपाईंको भौतिक पूर्वाधारको हिसाबले जनसंख्याको आधारमा मात्रै निर्धारण गर्दैन। भौतिक पूर्वाधारको अब दस वटा घर भएको ठाउँमा नि हामीले बाटो पुर्‍याउनु नै पर्यो। एक लाख घर भएको घर बसोबास भएको ठाउँमा पनि बाटो पुर्‍याउनु नै पर्यो। त्यस कारणले पूर्वधारको विकासको हिसाबले, निर्वाचन क्षेत्रगत रुपमा सन्तुलित विकास होस्। त्यस कारणले हामीले सन्तुलित विकास पहिले पहिला एक्काउन सालको भरतमोहनज्यूको बजेट वक्तव्यमा नौसको अभियान, सन्तुलित विकासमा नयाँ आयाम भनेर एउटा प्रस्ताव ल्याएको। आफ्नो गाउँ आफै बनाउन एकदम पापुलर भएर त्यसले खाईदियो त्यसलाई। पछि दोस्रो पूर्ण बजेट कार्यान्वयनमा नजाने भदौको १२ पछि सरकार गिरेको हुनाले त्योले त्यो कार्यक्रम लागु हुन नपाउँदाखेरि त्यसको प्रतिफल के हुन्थ्यो? त्यसको उपलब्धी के हुन्थ्यो? मान्छेले अनुभूति गर्न नपाएको हुनाले त्यसको अहिले हाम्रो विस्मृतिमा छ तर त्यसले नौ वटा स स्वास्थ्य, शिक्षा, सिंचाई, सामुदायिक वन यस्तै प्रकारले साना जलविद्युत, साना किसानको हित गर्ने यस्तो स बाट आएका नौ वटा साना साना कार्यक्रमहरुलाई एक करोड रुपैया गरेर दुई अरब पाँच करोड, दुई सय पाँच वटा निर्वाचन क्षेत्रमा छुट्याए हुन्थ्यो। त्यहि कन्सेप्टमा यसलाई विकास गरौं भनेर लाग्छ मलाई त्यस कारणले मैले अस्ति टिपोट गर्दाखेरि दशकको अभियान, सन्तुलित विकासको नयाँ आयाम भनेर हाम्रो पूर्वाधार निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई व्यवस्थित गरौं भोलि हामीले कार्यविधि बनाउँदाखेरि हामी सबै बसौं। प्रतिपक्षका माननीयहरु बस्नु हामी हामी अब हामी अनुरोध गर्छौं प्रतिपक्ष माननीयहरु सत्तापक्षका माननीयहरु सबै बसेर सरकारलाई सुझाव दिने ढंगले हामी अन्तरक्रिया गरेर कसरी त्यसलाई प्रभावकारी बनाउन सकिन्छ र मेरो भनाई के छ भनेदेखि अरु करारमा कर्मचारी राख्ने अरु फर्निचर खरिद गर्ने यस्तोमा खर्च नगरौं भन्छु मैले। पूर्वाधारमा जोड दियौं हामीले सिंचाईमै खर्च गरौं सानो सानो सिंचाई फेरि छुट्याए होला हामीले यद्यपि खानेपानी सिंचाई यति धेरै यस पटक हामीले इन्सिस्ट गर्या छौं तपाईहरु छक्क पर्नु हुन्छ कति धेरै सिंचाईहरुको कार्यक्रम खानेपानीको कार्यक्रम छ तरपनि अझै हाम्रो कार्यक्रमले समावेश गर्न सकेको होला नि पचास साठी दिनु पर्ने हुन सक्छ त्यस्तो गर्ने कि नगर्ने हामी कति सिलिङ्ग राख्ने ? पाँच लाखले पूरा गर्ने सानो सानो कुलोहरु हुन सक्छन् हैन? ग्रामीण जोसँग सत्ताको पहुँच छैन दुरदराजमा गाउँहरु छन् पन्ध्र बिस घर छ त्यहाँ तपाईंको पाँच लाख हामीले रकम दियौं भने कुलो खाएर कुलो बनाएर उत्पादन गर्न सक्छन् यसको यस कारणले सिंचाईको कुरा होला। शिक्षामा पनि कहिं न कहिं केही न केही लगानी गर्नुपर्ने एउटा कोठा बनाई दिनु पर्ने होला हैन स्वास्थ्यमा पनि कहिं न कहिं सहयोग गर्नुपर्ने होला पूर्वाधारमा र सामुदायिक भवनहरु पनि केही न केही बनाई दिनु पर्ने हाम्रो केही बाध्यता छँदैछ। हाम्रो सबै कुरा हाम्रो बजेटमा त्यसलाई समावेश गर्न सकिएको छैन यति धेरै माग छ त्यसको र साना खेलकूद मैदान बनाईदिनु पर्नेछ। एउटा गाउँपालिकाको पहिलेको नौ दश वटा गाविसहरु जोडिएका छन् कम से कम एक वटा गाविसमा एउटा त बनाई दिनु पर्यो साविक गाविसमा एउटा वडामा त्यो त्यसलाई यो त्यसलाई यो पूर्वाधार विकासको रकमले योगदान दिन्छ भनेर लाग्छ मलाई त्यस कारणले वितरण गरौंला क्या, एउटा कुरा। त्यसकारणले त्यसमा सबै हामी सबैको सहमतिमा सहभागितामा बनाउँछौं त्यो यो मेरो एशुरेन्स हो। दोस्रो कुरा यात्रीहरुको कुरा छँदैछैन यहाँ कहिं पनि। निर्वाचित भएर प्रत्यक्ष निर्वाचित भएका माननीय निर्वाचितहरु त स्वयं निर्वाचितै हो। संघमा जस्तो तीन थरी सांसद छैनन् हाम्रो म हाम्रो म दुई थरी मात्रै सांसद छौं। संघमा मनोनित पनि सांसदहरु छन् समानुपातिक पार्टीलाई भोट हाल्यो जनताले प्राप्त भएको मतको आधारमा पार्टीले कोटा निर्धारण गरेर दिया हुनाले हामीले पार्टीले क्यान्डिडेट छान्ने भाहुनाले

यो जनताको भोटबाट आएको भने फिलिङ्ग हुँदैन हामीलाई तर त्यो पनि जनताकै भोटबाट निर्वाचित हो त्यस कारणले गर्दाखेरि प्रत्यक्ष र समानुपातिक जो दुई थरी हाम्रो माननीयज्यूहरु हुनुहुन्छ सबैको हैसियत सबैको प्रतिष्ठा कायम हुने गरेर हामी त्यस तर्फ त्यो कार्यविधि बनाउँदै छौं त्यही पनि हामी बसेर छलफल गरौंला कसरी मिलाउने अब प्रत्यक्षको माननीयहरुको एउटा अलिकति एउटा कोणबाट कुरा उठी राख्या हुन्छ हैन? अनि समानुपातिक माननीयज्यूहरुको कोण अर्को कोणबाट उठ्या हुन्छ त्यहाँ पनि अलि अलि हाम्रो बिचमा कोण र जोड त फरक छ नि त। त्यो कोण र जोडलाई फरक भएको कुरालाई पनि समावेश गरेर अन्तरघुलन गरेर एउटा साझा निष्कर्षमा पुग्नु पऱ्यो। अनि त्यो कार्यविधि बनाउँदाखेरि यहाँ त्यो निर्वाचन क्षेत्रमा भएको माननीयहरुलाई सबैले सहभागितामा त्यो, यो योजना छान्ने अनिवार्य तपाईंको यसको व्यवस्था गर्नु पर्छ होला हामीले यो भन्दा अगाडी अनिवार्य व्यवस्था छैन। अनि संयोजकहरुले ड्याङ्ग ड्याङ्ग तोकेर पठाई दियो अब मै मै समस्यामा परें अहिले। म पनि एउटा निर्वाचन क्षेत्रको सांसद त थिएँ हाम्रो संघीय सांसद देवी जी हुनुहुन्थ्यो त्यहाँ हाम्रो प्रदेशका सांसदहरु जिल्ला गाउँपालिका र नगरपालिका प्रमुख उपप्रमुखहरु भन्या छ एकदम भेडीगोठ जस्तो ठूलो बनाएको छा।त्यहाँ म उपस्थित भएन तरपनि हाम्रो माननीयज्यूहरुले भनेको धेरै कुरा कसैको भएन तर सबैले ल जे गरे गर्नुस भन्नु भयो। उहाँले आठ वटामा पचास लाख छुट्याई दिनु भयो। यद्यपि यो योजना छान्ने उहाँले आफूले छान्नु भयो अरु पचास पचास लाख एउटा सबैलाई सबै पालिकालाई बराबर बाँडौं भन्ने कुरामा सबैको सहमत हो। अहिलेको जुन संरचना छ प्रत्यक्षबाट जितेर संयोजक भन्या छ जसलाई, त्यसको टोलवाला चल्यो, त्यसको टोलवाला चल्ने ढंगले हामीले यो बनाउँदैनौं। यो ठीक हुन्छ कि बेठीक हुन्छ भन्नुस तपाईंले भन्नु होला। हामी सबैले सल्लाह गरेर गर्ने हो कि त्यसमा प्रत्यक्ष निर्वाचित भएका सांसदहरुलाई हामी प्रत्यक्ष निर्वाचित भएकालाई यस्तो भन्नु भयो मुख्यमन्त्रीले भन्नु होला हैन? त्यसको त्यस कारणले सबै कुरा हुनु पऱ्यो, सर्प पनि मर्नु पऱ्यो, लठ्ठी पनि भाच्नु भएन। हाम्रो समस्या पनि समाधान हुनु पऱ्यो, सबैको भावना पनि समेटिनु पऱ्यो र यो पूर्वाधार विकास, पूर्वाधारको विकास पनि हुनु पऱ्यो। हाम्रो आर्थिक संमृद्धिमा यसले पनि योगदान हुनुपऱ्यो। बहत्तर करोड रकम भनेको हाम्रो प्रदेशको लागि सानो रकम होइन नि त्यस कारणले बहत्तर करोड रकम यस पटक यो रकम प्रभावकारी भयो भने अर्को पटक बहत्तर वटा ठाउँमा अ बहत्तर वटा ठाउँमा एक सय एक अरब आठ करोड हुन सक्दछ अहिले माननीयज्यूहरुले तीनै करोड भए पनि हामी खुशी नै हुन्छौं भन्नु भएको छ हैन? हामीले खुशी हुने कि नहुने कुरा हाम्रो त्यो कार्यान्वयनमा भर पर्छ है। कार्यान्वयन प्रभावकारी भयो भनेर प्रदेश सरकारलाई फिलिङ्ग भयो भने तपाईंहरुले पनि त्यस्तो सुझाव दिनु भयो भने रकम हामीले सबै बाँडनै नै हो त्यसकारणले अर्को वर्षमा गरौंला। त्यसकारणले यि सबै विषयहरुमा हामी यो सदनमा सदनबाट छलफल गरेर संवाद गरेर जो निष्कर्षमा पुगि राखेको छौं त्यो हाम्रो गौरवको विषय हो। धेरै ठाउँहरुमा आज पनि बन्द हडताल गरेर आछ अस्ति तपाईंको सुदुरपश्चिमको रातो किताबै जलायो यो म भन्छु तपाईंको ठूलो तपाईंको शब्दै भएन। त्यति राम्रो कुरा होइन, किनभने हामीसँग संवादको बाटो छँदैछ, सहमतिको बाटो छँदैछ, लेनदेनको बाटो छँदैछ आखिर तपाईंको समाधानको थलो सडक हुने होइन भनें मैले फेरि पनि समाधानको थलो यसै यसै सदनलाई सम्मानित सदनलाई बनाउनु पर्छ हामीले। एक पटक छलफल गर्दाखेरि नमिल्न सक्छ कुरा, दुई पटक गर्दाखेरि नमिल्न सक्छ तर बारम्बार जुन बेला मिल्दैन ति बेलासम्म संवाद सहमति छलफल चलाउँदै जानु पर्छ हामी र समस्या समाधानको थलोको रुपमा संसदलाई स्थापना गर्ने हो भनेदेखि हाम्रो व्यवस्था बलियो हुन्छ, हाम्रो प्रणाली बलियो हुन्छ। हामी सबै यो प्रणालीलाई बलियो बनाउनको लागि योगदान दिएर आएका, यो प्रणाली स्थापित गर्ने यसलाई बलियो बनाउने भनेर निर्वाचित भएर आएका माननीय सदस्यहरु छौं त्यस कारणले माननीय सदस्यहरुको भावनाको कदर गर्दै हरेक पटक हामीले भएका कमि कमजोरी देखाउने त्यसलाई सच्चाउने कुरामा हामीले कुनै कन्जुसाई पनि गऱ्या छैनौ कुनै नाजायज अडान पनि लिएका छैनौं कुनै प्रतिपक्षले पनि लिया छैन सत्तापक्षले पनि लिएको छैन यो आफैमा एउटा अनुपम उदहारण हो भनेपनि मलाई लाग्छ त्यस कारण हामीले यहाँ उठेका विषयहरु समाधानका लागि जे जे कुराहरु हामीले यहाँ प्रयत्न गरि रहेका छौं यो हामी सबैले यसलाई हामीले पुँजीका रुपमा लिएर बढनु पर्छ हामीले त्यस कारण आगामी दिनमा यो पचास लाखको कुरा ठीक कुरा त होइन पचास लाख भन्दा तल रकम राख्न पाउँदैन भन्ने कुरा त होइन तर माननीयको सरोकार कहाँ थियो होला भनेदेखि मैले विभिन्न ठाउँ भन्या छु यस पटक सडकको कार्यक्रमहरु पचास लाख भन्दा तलको राख्दैनौं भनेर भन्या थिए मैले। हैन? र सामान्यतया त्यो पचास लाखको पचास लाखको भन्दा तल छैन विश्वास छ मलाई। तर आज यो भौतिक पूर्वाधार मन्त्रीले भन्नु भयो दुई तीन वटा योजना हाम्रो बिस लाख तिस लाखको परेछ। यो सिद्धान्त विपरित कुरा त होइन तर हाम्रो जे प्रतिबद्धता थियो त्यो

प्रतिबद्धता भन्दा अलि बेग्लै आयो हैन तर हाम्रो जुन प्रतिबद्धता थियो त्यसको कुरा म गर्छु। यस्तो कुरा कहिं न कहिं केही न केही समस्याहरु भाछ। मुख्यमन्त्रीले  प्रदेश सरकारको प्रमुखले जे के भनिराछ भनेदेखि हेक्का राख्नु पर्‍यो, त्यो पनि हेक्का राख्नु पर्छ हैन र हामीले त्यो रकम सारै छर्ने नयाँ नयाँ हरेक वर्ष नयाँ नयाँ बजेट ल्याउने योजना ल्याउने कार्यक्रम ल्याउने कुनै पनि पुराना गर्ने हरेक ठाउँमा बाह्र ठाउँमा हात हाल्ने एउटा पनि पुरा नगर्ने कुरा नगरौं यस पटक जे जे गत वर्ष हामीले एउटा निर्वाचन क्षेत्र एउटा सडक विशेष सडक भन्याछौं। रणनीतिक सडकहरु भन्या छौं, क वर्गको सडक ख वर्गको सडकहरु भन्या छौं, ग्रामीण सडक कृषि सडक भन्या छौं, त्यो सबै जे जे बढी भने पनि हामीले गत वर्ष लेखि सक्यौं। यस वर्ष यस पटक निरपेक्ष ढंगले नसोचौं हरेक कुरा एउटा पनि नछोडने कुरा नथप्ने भन्ने कुरा फेरि पनि हामी बाँधिन्छौं एकआध दुई छुटेको होला कहिले कहिले नदेख्न सक्छ नि। म बाग्लुङ्ग गएँ तपाईंको मलमलदेखि उता गएको त पाण्डव कानीसम्म पुगें यस्तो दुर्गम ठाउँ बाटो त अलि अलि पुगकै छ त्यसलाई हामीले पैसा छुट्याउने स्थिति छ। त्यो धेरै त्यो यस्तो यति धेरै दुर्गम पाटो अलग थलग भएको पाटो, यो आईल्याण्ड जस्तो थियो। आईल्याण्ड जस्तो ठाउँमा त्यसमा हाम्रो ध्यान गत वर्ष परेनछ यस वर्ष त हाल्नै पर्‍यो, यसैले निरपेक्ष ढंगले हाल्दै नहाल्ने नभनौं, त्यस्तो अति महत्वको ठाउँहरुमा जरुरी आवश्यक परेको ठाउँमा हामीले हाल्नु पर्छ तर गत साल पनि बिस वटा हाल्या छ अहिले पनि पन्ध्र वटा थप्ने यस्तो नगरौं। यस पटक हामीले त्यही गर्‍या छौं अहिले गत साल हाम्रो छुटिएका हाम्रो विशेष सडक क वर्ग र ख वर्गको सडकमा त्यसमा पनि निरपेक्ष ढंगले त होइन होला, सबैमा समान ढंगले होइन होला तर मूलत: हामीहरु डिपिआर बनाउँदाखेरि हामीले कुरा गर्नु पर्ने जे रकमहरु आएको छ त्यो रकमको आधारमा यस पटक पचास लाखको ठाउँमा सकभर एक करोड बनाउनुस है नभै दुई करोड बनाउनुस है।गत साल हामीले दुई करोड दश लाखमा दुई करोड दश लाखमा हाम्रो बाटो पुरा हुन्छ त पुरा हुँदैन। त्यस कारणले डिपिआरको आधारमा हिसाब गरेर कुनै ठाउँमा पाँच करोड आउनु पर्ने होला, कुनै ठाउँमा दश करोड राख्नु पर्ने होला, कुनै ठाउँमा दुई करोड राख्नु पर्ने होला, कुनै ठाउँ प्रशासनिक केन्द्र जाने कुनै बाटो सात किलोमिटरको मात्रै छ कुनै तीन किलोमिटरको मात्रै छ कुनै बयालिस किलोमिटरको छ कुनै पचास किलोमिटर छ। त्यस कारणले त्यो रकम छुट्याउने कुरा बराबर त हुँदैन तर हामीले हाम्रो रणनीतिक लक्ष्य थियो सडकको त्यो लक्ष्य अबको चार वर्ष भित्र कम्पलीट हुने गरेर चार वर्ष भित्र हामीले यो सदन छोडेर जाँदाखेरि यो सरकार छोडेर जाँदाखेरि प्रदेश सरकारले, प्रदेश संसदले बनाएको विकासको काम यि यि हरु जनताले भिजिबली जनताले अनुभूति गर्ने गरेर हामीले यो विकासका कार्यक्रमहरु सम्पन्न गर्नु पर्ने छ यस पटक हामीले अलि जोड दिएको हो त्यसमा हो र मैले शुरु मै के भन्या थिएँ भन्दाखेरि सिंचाईको खानेपानीको कुरा सिंचाईमा बाउन्न प्रतिशत असिंचित छ त्यस कारणले यो बाउन्न प्रतिशत असिंचित जमिनलाई सिंचाई नगरीन्जेलसम्म त्यसको पनि सकिन्जेल बाहै महिना सिंचाई हुने प्रबन्ध नगरिन्जेलसम्म पाँच वर्षमा आत्मनिर्भर कसरी हुन्छौं?  पाँच वर्षभित्र हाम्रो उत्पादन डबल कसरी हुन्छ त्यसकारण सिंचाईको रकम हाल्दिनुस्। किनभने सिक्टासिचाई जस्तो पनि छैन, रानीजमरा जस्तो ठूलो पनि छैन, बबई जस्तो ठूलो पनि छैन हाम्रो अर्बो लाग्ने, करोडौं लाग्ने त्यस कारणले बेसि होला दुई चार करोड लाग्ने होइन भने सत्तरी लाख अस्सी लाख नब्बे लाख त्यस्तोमा सिद्धिने सिंचाईका आयोजनाहरु छन् सबैलाई संख्या धेरै भएपनि हामी कुरा गर्न सकौंला खानेपानीको त हाम्रो अभियान छँदैछ त्यस कारणले खानेपानीको धेरै गरौं भन्या छु फेरिपनि कतै छुट भएको छ भने  पूर्वाधार विकास कार्यक्रमले निर्वाचन क्षेत्र विकास कार्यक्रमले त्यसको खाँचो पुरा गर्न सक्छौं यति कुरा यहाँहरु समक्ष राखेर फेरि तलमाथि केहि भाछ भने मैले यहिंबाट फेरि भन्ने गर्छु, जे भाछ भुलचुक लिने दिने। हामी यहाँ छँदैछौं फेरि पनि यहाँ संवाद भई हाल्छ, वार्ता भई हाल्छ, र आई परेका समस्याहरुको समाधान गर्नका लागि हामी सबै पोजिटिभलि अगाडी लागि राख्या हुनाले म कुनै समस्या त्यस्तो देखियो भने फेरिपनि समाधान गर्ने ढंगले जाने प्रतिबद्धता जाहेर गर्दै प्रमुख प्रतिपक्ष जसले हाम्रो बजेटलाई कतिपय कुराहरु टेकनिकलि मिस्टेक थियो, कतिपय हयूमन इरर पनि थियो ति भाईहरु पाँच सात दिनसम्म म आएं एक घण्टा पनि सुत्या छैन। बस्या छ बस्या छ। अब त्यही ठाउँमा मिस्टेक हुन्छ हैन?  त्यस कारण तिनीहरुले हयूमन एररका हिसाबले मिस्टेक पनि गर्‍या छ एक ठाउँबाट अर्को ठाउँमा सार्दाखेरि अहिले हुनत ब्याड कारपेन्टर ब्लेमस हिज टुलस भन्छन् नि नाच नजाने आगन टेडो हुन्छ। अब नाच्न नजाने हुनाले कर्मचारीलाई दोष लगाउने कुरा होइन। म कस्तो स्वाभावको छु भने आफूले जिम्मा दिए पछि त्यसले बिगारे भने त्यसको जिम्मा म लिन्छु जसले काम लगाउँछ उसले जिम्मा लिनु पर्छ आफूले फुल कन्फिडेन्समा काम गर्न सकिदैन फुल कन्फिडेन्समा काम गर्दागर्दै पनि हाम्रो कर्मचारीहरुले मानवीय तपाईंको त्रुटि गर्या

छ भने या फेरि तपाईंको केही टेकनिकल मिस्टेक थियो भने पोहोर हामीले सुत्र फर्मुलाबाट गर्या थियौं त्यो। यस पटक अर्को फर्मुला आयो, त्यो फर्मुला सिकेका भर्खर कर्मचारीले एक जना कर्मचारीले सिक्या उसले अरुलाई सिकाउँदा सिकाउँदा त्यहाँ धेरै मान्छे थिएन दुई तीन जना मात्रै थिए एक जना मात्रै टोटली जान्ने एक मात्रै थियो त्यसले सारा काम गर्दाखेरि मिसप्लेसहरु भई रहेको थियो। त्यस कारण यो जिल्लै छुटेका कारण त्यो हो नि त्यसलाई हामीले करेक्सन गर्ने भनेका छौं। हाम्रो कर्मचारी साथीहरुले धेरै एकदमै दुख गरेर काम गरेका थियो गत वर्ष पनि अर्थ मन्त्रालयमा थोरै कर्मचारी अहिले पनि थोरै कर्मचारी तिनले अब गर्नु पर्ने काम त संघको धेरै होला पन्ध्र खर्बको बजेट हाम्रो बत्तिस अर्बको बजेट थोरै होला तर विधि प्रक्रिया त त्यही हो नि त सबै त्यही भाहुनाले उनीहरुले पनि धेरै दुख गर्या छन् यसकारणले कट्टिक्रम जारी भएको छ भने हाम्रो पार्टबाट, मन्त्रीको पार्टबाट, मुख्यमन्त्रीको पार्ट सबैको पार्टबाट भयो भने भन्ने स्विकार गरेर त्यसलाई हामी फेरि पनि आफ्नो तर्फबाट भएको कमि कमजोरी कमि कमजोरी भयो भन्ने कुरामा मलाई लाजलाग्दैन मैले अनावश्यक रुपमा अडान लिई राख्नु पर्छ भन्ने विश्वास पनि मैले लिएन। म जहिले पनि यहाँ तपाईंहरु सामु जहिले पनि ओपनली त्यो कुरा कहिं काम गर्दै जाँदाखेरि घोडा चढने मान्छे नै लडने हो घोडाबाट पछारिने हो। अब बक्सिङ्ग खेल्ने मान्छेले मात्रै मुक्का खाने हो हैन? कहिले कहिले त कमजोरी त भई हाल्छ काम गर्ने मान्छे को। केही गल्ती नगर्ने भनेको त कामै नगरिकन बस्ने हो। कामै नगरि त गल्ती नि हुन्न त्यसैले काम गर्ने मान्छेले नै गल्ती गर्छ भन्ने मान्यतामा आधारित भएर, आफूले कमि कमजोरी भएको कुरालाई पनि सहज सुधार्ने स्थिति बनेन भने पनि त्यसैले सुधार्न सकिन्न आफू सुध्रिन्न सकिन्न त्यसैले त्यो मान्यतामा आधारित भएर त्यो प्रतिपक्षका साथीहरुले केही सुझावहरु, जे आलोचना टिप्पणीहरु गर्नु भयो त्यसमा हामी एउटा निश्कर्षमा पुग्या छौं त्यस कारणले सम्मानित सदन समक्ष माननीय सभामुखज्यूको अनुमतिले म फेरि केही अन्तिममा के भन्न चाहन्छु भने हामीले यो समस्या समाधान गरेका छौं सहमतिका आधारमा। यसको म धेरै समर्थन र प्रशंसा गर्दै अब हाम्रो यो बजेट माथिको विनियोजन शिर्षक माथिको छलफल अगाडी बढने कुरामा विश्वस्त रहँदै विनियोजन विधेयक माथिको छलफलमा सक्रियतापूर्वक भागलिन सम्पूर्ण माननीयज्यूहरुलाई अनुरोध गर्दै माननीय सभामुख महोदय म आफ्नो तर्फबाट, सरकारको तर्फबाट प्रमुख प्रतिपक्षले उठाएका विषयमा आफ्नो भनाई राख्ने क्रम यहिं अन्त्य गर्छु। धन्यवाद।

### माननीय सभामुखज्यू

माननीय सदस्यहरु अब म, माननीय मुख्यमन्त्री श्री पृथ्बी सुब्बा गुरुङलाई माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङले मिति २०७६ साल असार ५ गते सभामा प्रस्तुत गर्नु भएको विनियोजन विधेयक, २०७६ माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुरोध गर्दछु ।

### माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल असार ५ गते प्रस्तुत भएको विनियोजन विधेयक, २०७६ गण्डकी प्रदेश प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१) बमोजिम विधेयक माथि विचार गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु।
धन्यवाद ।

### माननीय सभामुखज्यू

माननीय सदस्यहरु, अब म **"विनियोजन विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नु होस् ।
(**"हुन्छ"** भन्ने आवाज आयो)

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नु होस् ।
(**"हुन्न"** भन्ने आवाज आएन)

**"हुन्छ"** भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले विनियोजन विधेयक, २०७६ माथी विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु अब म, माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङले मिति २०७६ साल असार ५ गते सभामा प्रस्तुत गर्नु भएकोे विनियोजन विधेयक, २०७६ माथिको छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, यस छलफलमा विधेयकको आन्तरिक मामिला तथा कानुन मन्त्रालयसँग सम्बन्धित विविध विभिन्न शीर्षकहरुमा छलफल हुने व्यहोरा अनुरोध गर्दछु।

छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरुले सभामुखको ड्याससँगै बसेका कर्मचारीहरुलाई नाम टिपाउनुहुन अनुरोध गर्दछु। सम्पुर्ण माननीय सदस्यहरुलाई छलफलको लागी १० मिनेट समय निर्धारण गरेको छु। निर्धारित समय भित्र आफ्नो भनाई राख्न अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री राजिब पहारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय राजिब पहारी

माननीय सभामुख महोदय, गएको असार ५ गते माननीय आर्थिक योजना मन्त्री किरण गुरुङ्गले यो सम्मानित सदनमा प्रस्तुत गर्नु भएको विनियोजन विधेयक अन्तर्गत आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत छुट्टाइएको छुट्टाइएको बजेटको दफावार छलफलमा म यहाँ उपस्थित भएको छु। माननीय सभामुख महोदय, यो सम्मानित सदनमा मैले धेैरै पटक भनि रहेको कुरा हो। बनि बनाउ बाटोमा गाडी सजिलो हुन्छ तर असारको हिजो अस्तिको जस्तो निरन्तर झरिमा रातो माटोको डिस्को फोड्दै, बाटो मिलाउँदै, गाडी अगाडि बढाउने कुरा कठिन कुरा हो तर त्यो कठिन अप्ठयारो र चुनौतिपूर्ण कार्यलाई दिनरात भोक निन्द्रा तिर्खा केही नभनिकन त्यो बाटोको ट्रयाक मात्रै खोल्ने होइन राजमार्गको ग्राभलिङ्ग गर्ने काम मात्रै सम्पन्न भएको होइन कि अबको यो बजेटले ग्राभलिङ्ग भई सकेको बाटोलाई कालोपत्रे गर्ने काम तर्फ अगाडि बढदै छ र प्रदेशलाई विकास र समृद्धिको बाटो तर्फ अगाडि बढाउँदैछ। यो कामको अगुवाई र नेतृत्व गर्नु भएकोमा म गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीलाई हार्दिक धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु। अहिले हामी महत्वपूर्ण मन्त्रालय जुन मन्त्रालय अन्तर्गत तीन वटा मन्त्रालयहरु पर्छन्। कानून, आन्तरिक मामिला तथा सूचना मन्त्रालय  यो तीन वटा मन्त्रालय अहिले कानून भनेको नीति, नियम, कानून, विधि-नीति, नियम विधि बनाउने संस्था मन्त्रालय पनि त्यहीं पर्छ। आन्तरिक मामिला अन्तरगत जोडिएको सुरक्षा त्यहीं पर्छ। सूचना प्रविधि अन्तरगत एक्काइसौं शताब्दीलाई सूचना प्रविधिको युग भनेर भनिन्छ तर नेपाल भरिमै सात वटै प्रदेशमा हाम्रो बजेटको भोल्यूम बत्तिस अरब भन्दा छैन। तसर्थ यत्रो

महत्वपूर्ण मन्त्रालयमा नि कूल उनान्सत्तरि करोड मात्र रकम छुट्याइएको छ र यो उनान्सत्तरि करोड रकममा पनि जुन व्यवस्थित ढंगबाट यो रकमको विनियोजन भएको छ म सम्बन्धित मन्त्रीज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु र अब हामीले एउटा विषयमा छलफल गर्न आवश्यक छ के हामीले विकासको विकासको बारेमा हामीले छलफल चलाउन के आवश्यक छ भने हामीले विकास सम्बन्धी सोचाई अत्यन्त परम्परावादी र शास्त्रीय ढंगबाट मात्रै गर्दै आएका छौं कि? त्यसलाई अब चेन्ज गर्न आवश्यक छ कि? के विकास भनेको बाटो पुल पुलेसा निर्माण गर्नु मात्र हो? के विकास भनेको प्राकृतिक श्रोत साधनलाई मासेर गाउँ गाउँमा होइन व्यक्ति व्यक्तिको घरमा डोजर चलाउँदै कच्ची बाटो मात्र पुऱ्याउनु हो? जुन बाटो करोडौं खर्च गरेर खन्यो, खनेको दुई चार महिनामै मुसलधारे पानी परेर फेरि बगाएर जस्तो त्यस्तै हुने। के अब विकास र पहिलो विकास र समृद्धिको पहिलो आधार भौतिक पूर्वाधार छँदैछ त्यो बाहेक पनि शान्ति सुरक्षा, मानवीय विकास, विधि, नीति पनि त यो विकास र समृद्धिको लागि को पहिलो आधारको रुपमा यसलाई पनि हामीले मानेर अगाडि बढने कि नबढने? मैले यो प्रसङ्ग किन राखेको भने हामीले जस्तै रातो किताब पाउने बित्तिकै हामी सबैले हतारिएर भौतिक योजना मन्त्रालयको बजेट मात्रै हेर्दै कुन गाउँमा के बाटो पऱ्यो? कति पैसा पऱ्यो? भनेर त भौतिक योजना मन्त्रालयको मात्रै बजेट नै सिंगो रकम मात्रै सिंगो बजेट हो भन्ने ढंगले मात्रै हामी गयौं किनभने जब शान्ति सुरक्षा सुदृढ हुन्छ जब जिम्मेवारी प्राप्त भएका व्यक्तित्वहरुको आफ्नो क्षमता, योग्यता, दक्षता, स्किल उनीहरुको बढदै जान्छ त्यो खालको वातावरण बढदै जान्छ त्यस पछि विकासले फडको लिन सक्छ। यसो भएर मलाई लाग्छ अब प्राथमिकताको महत्वको विषय हो। मैले यहाँ हेरें। जसो सबै मन्त्रालयमा सबै भन्दा थोरै जम्मा त्यो रातो किताबमा तीन वटा पानामा मात्रै त्यो बजेट विन्यास गरेको मन्त्रालय आन्तरिक मन्त्रालय रहेछ। एकसय तेह्र पेजदेखि एक सय सोह्र पेजसम्म जम्मा तीन पेजमा त्यसको बजेट छ। अब हामीले सबै भन्दा ठूलो कुरो मुलुक विकासको निम्ति, संमृद्धिको निम्ति प्रदेशको निम्ति भनेको सबै भन्दा ठूलो कुरा भनेको रुल अफ ल। कानून विधि निर्माण गर्ने कुरा हैन त्यो सूचना लोकतन्त्र भनेको एउटा पारदर्शिताको कुरा हुने भो। अब हामी त अब जुन सरकार छ त्यो लोकतन्त्रमा अगाध विश्वास गर्छ, प्रेसमा अत्यन्त विश्वास गर्छ, संचार जगतमा अत्यन्त विश्वास गर्ने हाम्रो माननीय मुख्यमन्त्रीज्यू हुनुहुन्छ। त्यो स्पीडले अगाडि बढेको छ। यो बजेटमा पनि मैले यहाँ धेरै कुरा छन् जस्तै पत्रकारहरुको क्षमता अभिवृद्धि गर्नको निम्ति बजेटै जम्मा उन्नासत्तरि करोड छ भने अब धेरै ठूलो छुट्याउने स्थिति त छैन तर पत्रकारहरुको भवन निर्माणको निम्ति छुट्याइएको छ, क्षमता अभिवृद्धिको निम्ति छुट्याइएको छ। विपद् व्यवस्थापन हेर्नुस त अहिले हाम्रो गण्डकी प्रदेशमा बाढि, पहिरो, मुसलधारे पानीको कारणले अस्ति कुरा पनि आयो मुस्ताङ्गमा मनाङ्गमा कति ठूल्ठूला घटनाहरु घटे विपद् व्यवस्थापनको निम्ति बजेट छुटयाइएको छ। प्रदेशको प्रहरीको भावि संरचना कस्तो बनाउने हो भने यसमा बजेट छुटयाइएको छ। प्रदेश प्रहरीको अनुसन्धान ब्युरो र तालिमको निम्ति बजेट छुटयाइएको छ। सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनको लागि सिसि टिभि खरिद गर्नको निम्ति यहाँ बजेट छुटयाइएको छ यस्तो धेरै कुराहरुमा बजेट छुटयाइएको छ। कहिलेकाँही प्रसङ्ग आउँछ यो बजेट गोष्टी सेमिनारमा किन छुटयाइएको यो अलि फालटु भयो कि भन्ने पनि आउँछ तर अबको सबैभन्दा ठूलो विकासको पहिलो आधार भनेको मानव संसाधनको क्षमता अभिवृद्धि पनि गर्ने हो। मान्छेको स्किल डेभेलभ गर्ने पनि एउटा प्रमुख आधार हो त्यसो भएर मलाई यो गोष्ठि, सेमिनार, अन्तरक्रियामा रकम अलि कम छुटयाइएको जस्तो लाग्छ मलाई। अझ यसमा अलि बढि छुटयाउनु पर्छ, किनभने मान्छेलाई भने वेलमेनपावर बनाउन सकेन भने हामीले त्यो भने अनुसारको लक्ष्य प्राप्ति गर्दा हामीले सक्दैनौं त्यहि भएर एकदम सन्तुलित ढंगबाट यो बजेटको विन्यास भएको छ। आन्तरिक मामिला मन्त्रालय अन्तर्गत कहिले प्रसंग उठछ, यो बजेटले सांसदका कुरा समेटन सकेन भन्ने नि आउँछ तर मलाई कस्तो लाग्छ भने बजेटले सांसदका कुरा समेटेको छ कि छैन तर जनताको कुरा समेटिएको छ। सन्तुलित ढंगबाट आएको छ व्यवस्थित ढंगबाट आएको छ यो यो मन्त्रालय अन्तर्गत यी कुराहरु देखिएको छ तैपनि यो सिमित श्रोत साधनको कारणले यो बजेट कम भएको छ जम्मा बत्तिस अरबको बजेट भएकोले। अब हामीले अर्को कुरा हामीले सोच्नु पर्ने कुरा भनेको अब विज्ञान तथा प्रविधिको अविस्कारले अपराधीहरुले नयाँ नयाँ चिजहरुको प्रयोग गरेर अपराधका घटनाहरु घटाई रहेका छन्। समाजमा सोच्दै नसोचेका घटनाहरु घटि रहेका छन्। अहिले हेरौं हिजो आजका कुरा काठमाडौं लगायतका प्रमुख शहरहरुमा महिलाहरु माथि एडस, हेपेटाइटिस रोगका संक्रमण भएको रगतको सुईको माध्यमबाट कोप्नेदेखि लिएर, पोखरामा केही समय अगाडि रातिमा महिलाहरुलाई हिडनै नहुने चक्कुले हिर्काउनेदेखि लिएर धेरै कुराहरु भएका छन्। यसो र हामीले

गण्डकी प्रदेशका मुख्य-मुख्य ठाउँहरुमा सिसि टिभीले युक्त बनाई सबै ठाउँमा प्रविधियुक्त बनाई त्यसमा ठूलो लगानी गरेर त्यसलाई व्यवस्थित गरियो भने शान्ति सुरक्षाको अवस्था राम्रो हुन सक्छ। शान्ति सुरक्षाको अवस्था राम्रो भयो भने व्यापार व्यवसाय राम्रो हुन्छ। व्यापार व्यवसाय राम्रो भयो भने कर बढि उठछ। कर बढि उठयो भने विकास निर्माणमा खर्च गर्न पाइन्छ। त्यसैले धैरै कुरा योसँग जोडिएको छ। यि यि यो कुरालाई पनि हामीले यो कुरालाई ख्याल गर्नु पर्छ खास गरि आन्तरिक मामिला अन्तर्गत अब समस्या छन् अप्ठयारा छन् अहिले कतिपय कुरामा हाथ खुट्टा बाँधेर नाच भन्ने अवस्था छ। हाथ खुट्टा बाँधेर पौडिई भन्ने अवस्था छ। कानूनमा व्यवस्था भए अनुसार सि.डि.यो., एस.पि.लाई त्यो एस.पि.को अधिकार प्रदेशमा भएपनि त्यो अनुसारको अधिकार हामीले प्रयोग गर्न पाई रहेका छैनौं। अझै पनि प्रदेश सरकारले यस्ता धैरै अप्ठयारा चुनौतिहरु हुँदाहुँदै पनि अहिले समग्रमा गण्डकी प्रदेशको शान्ति सुरक्षाको अवस्था जुन सुदृढ भएको छ लामो समयदेखि नसमातिएका अपराधीहरु समातिनुदेखि लिएर प्रदेश सरकार भएको प्रत्येक व्यक्ति व्यक्तिलाई अनुभूति भई रहेको छ। यहि हो संघीयताको सबैभन्दा ठूलो प्रतिफल भनेको हो। अर्को कुरा भनेको यो मन्त्रालय अन्तर्गत हामीले धैरै कानून, नीति, यो संसदीय मन्त्रालय पनि यसैमा पर्छ। कानून, नीति, नियम, विधि बनाउनेदेखि लिएर एउटा ट्र्याकमा हामीले प्रदेशलाई लैजान सकेका छौं। हामीले धैरै जग निर्माण गरी सकेका छौं। अब समृद्धिका क्रमश: हामी तला थप्दै जानेछौं। दोश्रो तेश्रो अब यस अन्तर्गत सूचना मन्त्रालय, सञ्चार मन्त्रालय पनि यसमा पर्छ सञ्चार क्षेत्रलाई कसरी व्यवस्थित बनाउने कुरा यो ढंगबाट गइरहेको छ। अब यसरी यसो भएर बजेट एकदम राम्रो छ। कार्यान्वयन पनि धैरै कुराहरुको भइरहेको छ। अब यो बजेट राम्रो हुँदा कार्यान्वयन राम्रो ढंगबाट हुने दिशा तर्फ अगाडि बढि रहँदा कहिले काँहि ठ्याक्क अहिले मलाई मनमा त नाम आयो मुखमा नाम आउन सकिन संझिन सकिन। अस्ति एक जना सम्मानित नेताले अब बजेट राम्रो छ भनेर प्रशंसा गर्दा विभिन्न कुरा पनि आयो। अब राम्रो छ भने राम्रोलाई राम्रो नभनि के भन्ने? त्यहि माथि फेरि सत्तापक्षीय सांसद एकदम राम्रो ढंगबाट यो बजेट आएको छ। कार्यान्वयन हुने ढंगबाट आएको छ। कार्यान्वयनको दिशा तर्फ नै अगाडि बढि रहेको छ। यसो भएर यो जुन यो आन्तरिक मामिला

(माननीय सभामुख- माननीय सदस्य समय सिद्धियो)

अन्तर्गतको विनियोजित विधेयकको म पूर्ण समर्थन गर्न चाहन्छु र अब कतैबाट यो मिल्छ भने मलाई लाग्छ

(माननीय सभामुख- माननीय सदस्य समय सिद्धियो)

अलिकति रकम यो आन्तरिक मामिला मन्त्रालयमा कम भयो। एक अरबसम्म भएको भए अझै धैरै कुरा गर्न सकिन्थ्यो कि भन्ने लाग्छ। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मणिभद्र शर्मा**

माननीय सभामुखज्यू, आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग सम्बन्धित विनियोजन विधेयकमा हामी छलफलमा छौं। हामी आधुनिक नेपाल, सभ्य नेपाल बनाउने अभियानमा छौं र हाम्रो प्रदेशमा मैले दुई वटा कुरा बढो गम्भिरताका साथ अध्ययन गरी रहेको छु। एउटा विद्यार्थीको रुपमा पनि मैले अध्ययन गरि रहेको छु। सामाजिक विकास संरचना समाजशास्त्रीय हिसाबले के ढंगले हामी गई रहेका छौं भन्ने पनि अध्ययन गरि रहेको छु र मलाई के लाग्यो भने म यसपाली ६ जना जिल्लाका सुरक्षा निकायका प्रमुखहरुसँग भेटें। यो हप्ता दश दिनको बिचमा। के हो समस्या हाम्रो अहिले? के गतिले हामी गई रहेका छौं? भन्दाखेरि नयाँ युवा पिढीहरु कुलतमा ज्यादै बढि गए र यो कुलतमा जाने प्रणालीलाई सामाजिक रुपमा पनि फेरि अभिभावकहरुसँग सहकार्य गर्दा ऐ मेरा छोराछोरीहरु लागु औषध खान्छन् भनेर भन्दिने भनेर

त्यो उल्टो सुरक्षा निकायका मानिसहरुसँग न्यूँ खोज्ने र त्यो को-अप्रेशन नगरेको अभिव्यक्तिहरु पनि उहाँले प्रत्यक्ष अप्रत्यक्ष व्यक्त गर्नु भयो। यो डरलाग्दो रुपमा शहरी क्षेत्रमा त व्यापकै छ। गाउँ गाउँमा समेत पनि यो प्रवृत्ति बढेर गएको छ। यो भोलिको स्थिर समाज निर्माण गर्न, एउटा सभ्य समाज निर्माण गर्न निकै बाधाको रुपमा विकसित भई रहेको छ। हामी यो तर्फ गम्भिर भएर अब हाम्रो आन्तरिक प्रदेशको गृह मन्त्रालय भनौं यो गृह मन्त्रालय यतातिर कन्सन्ट्रेट भएर लाग्नु पर्ने मैले देखेको छु र अर्को कुरा यो प्रदेशका जेलहरुको हालत के छ? यो गृह अन्तर्गत जेल पनि पर्छ होला हामीले यहाँ सम्बोधन गर्न सक्यौं कि सकेनौं खोज्यौं कि खोजेनौं? जेलहरुको दशा सुधार गर्नुपर्ने अब जेलमा बस्ने बन्दिहरु पनि सभ्य, नागरिक भएर त्यहाँ सुविधासम्पन्न ढंगले बस्न, बाँच्न, केही सिपहरु सिक्न पाउने वातावरणका बारेमा हामी यता गम्भिर भयौं कि भएनौं? म यो सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहन्छु र मलाई एक दुई वटा कुराहरुमा यो बजेटमा अलिकति यो सफ्टवेयरका कार्यक्रमहरु बढि भए। यो सफ्टवेयरको कार्यक्रमहरु यो अहिले अलिकति बजेट गत वर्षहरु भन्दा अलिकति बढि पाएको आन्तरिक मामिला मन्त्रालयले पनि सफ्टवेयरको कार्यक्रमलाई अलिकति बढाएको मैले अनुभूत गरेको छु। अब यसको रिजल्ट यो सफ्टवेयर मार्फत त्यस्को रिजल्ट हामीले कसरी थाहा पाउने हो? हामीले कर्मचारीहरु राख्दाखेरि मानौं प्रहरी प्रशासनमा मानिसहरु ल्याउँदाखेरि राम्रो योग्यता पुगेका, क्षमता भएका, मानिसहरु ल्याएका हुन्छौं अनि यहाँ हामीले तालिम आदि भन्यो दुई महिना पछि फेरि सरुवा हुन्छ। एउटा अवधि हामीले ट्रेन गरेको म्यान पावरले यहाँ हामीलाई सेवा पुऱ्याउने वातावरण छ कि छैन? यस्ता विषयहरु बढो गम्भिर विषयहरु छन्। तालिममा खर्च गऱ्यो एउटा एक दर्जन प्रहरी अधिकृतहरुलाई हामीले ट्रेन गरायौं अनि दुई महिना पछि फेरि सिफ्ट हुन्छ। यही प्रदेश भित्रको अर्को अर्को जिल्लामा रोटेशन भएर जाने भए पनि त्यो सिकेको सिप यहीं काम लाग्थ्यो। त्यो वातावरण छ कि छैन ? त्यो वातावरण हामीले बनाउन सक्छौं कि सक्दैनौं? यस्ता विषयवस्तुहरु छन् गाउँ गाउँमा जब संरचना परिवर्तन भयो संरचना परिवर्तन भएर विकास निर्माणका गतिहरु पनि त्यही ढंगले जाने हो भने सुरक्षाका समस्याहरु छन् र यहाँ मैले साढेसात करोड पैसा प्रहरी चौकिहरु बनाउने भनेर छुट्याएको देखें। अहिले जति माग भई राखेको छ प्रदेशमा, यो अपर्याप्त छ। यो पैसा अपर्याप्त छ किन भन्दा एउटा प्रहरी जवानहरु ठीक ढंगले बस्न त्यहाँ सेवा पुऱ्याउनका लागि अहिले जुन ढंगका भवनहरु चाहिन्छन् त्यसले यो पैसाले सम्बोधन गर्न सक्छ भन्ने मलाई लाग्दैन। त्यस्तै गरेर यो कानूनी सचेतना कार्यक्रम भनेर हामीले यहाँ पचास लाख राखेका छौं। यो अलिकति बढि नै हो कि? त्यस्तै प्रदेश प्रहरीको संरचनामा छलफल गर्ने भनेर फेरि बिस लाख राखेका छौं। त्यो संरचना बनाउने छलफल गर्नका लागि त्यति छलफल चाहिन्छ र एक दिन राम्रोसँग दिनभरी बसेर विशेषज्ञहरु बोलाएर कस्तो संरचना बनाउँ भनेर पुग्दैन र बिसै लाख खर्च गर्नु पर्ने हो प्रहरी संरचनाको छलफल गर्नका लागि? यो कता कता कस्तो हो कुन्नि अलिकति सबैले अलि सरल भाषाले फेरि यो त किताब त पब्लिकमा पनि जान्छ। हामी टाढा बाढाँ हुम भन्ने सांसदले मात्रै पढने त होइन होला यो। त्यसैले भएका हुनाले यो अलिकति जान्न खोज्नेहरुले बुझ्दाखेरि यो कस्तो हो मैले अलिकति बुझिन नि मलाई अलिकति मन्त्रीज्यूले अलिकति प्रस्टाउनु हुनेछ। त्यस्तै एक दुई वटा अरु कुराहरु पनि छन् अब यो लागु औषधका बारेमा मैले अघि नै भनें डरलाग्दो ढंगले समाजमा युवा पिढी विकृत हुँदै गएको छ र यसलाई अलिकति यहाँ यो बजेटले १४३६ नम्बरको बुँदाबाट सम्बोधन गर्न खोजिएको छ। यसलाई व्यापक रुपमा हामीले लग्न सकेनौं भनें अब आउने हाम्रो युवा पिढी ज्यादै कुलतमा फँसेको जम्मेवारीबोध गर्न नसक्ने अवस्थामा परिणत हुँदैछ र यसमा गम्भिर रुपमा ध्यान जाओस् भन्दै म आफ्ना भनाईहरु अन्त्य गर्दछु। धन्यवाद। जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय कृष्ण थापा

माननीय सभामुख महोदय, प्रस्तुत बजेट सम्बन्धमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको विनियोजित बजेट सन्दर्भमा मैले आफ्नो भनाईहरु र छलफलहरु राख्न गई रहेको छु र विशेष गरेर मैले यो मन्त्रालयले प्रस्तुत गरेका बजेटहरुको अध्ययन गर्दा आन्तरिक परिचालन, विपद् व्यवस्थापन अनि शान्ति सुरक्षा र त्यसपछि सञ्चारका सन्दर्भमा विशेष गरेर छुट्टयाइएको देखिन्छ र यसमा सबभन्दा मैले के भन्न चाहन्छु त भने यो विपद् व्यवस्थापन र विपद्कै आर्थिक

सहायता सन्दर्भमा यसलाई अलिकता खुकुलो प्रकारले अथवा सरल प्रकारले बनाउने हो कि? त्यो विषयमा अलि केन्द्रित हुने कुराहरु पनि देखिन्छ र मैले यौटा सोझै अनुभव के गरी रहेको छु त भने यो विपद् व्यवस्थापनमा धैरै झंझटिलो रहेको छ कि क्या हो? झंझटिलो रहेको छ त सरल कुनैले फेरि सरल प्रकारले पाउने कुरा पनि रहेको छ र कतिले एकदम पाउनै नसक्ने एकदम गाह्रो धैरै भर्याङ्ग चढेर जानु पर्ने स्थितिहरु पनि देखिन्छ। त्यसले गर्दाखेरि मलाई लाग्छ यो कोषलाई अलिकति बढाएर जानु पर्छ र अर्कोतिर यसको पद्धतिलाई पनि अलि सरल प्रकारले बनाएर जाँदा उपयुक्त हुन्छ कि किन यो छैन भन्ने कुरा त मैले देख्दछु र अर्कोतिर मैले यो बजेटको विषयमा अबण्डा बजेटहरु अहिले पनि छ कि जस्तो देखिन्छ। विगतमा यो कार्यान्वयन नभएको पनि हामीले देख्यौं। समितिगत रुपमा छलफल गर्दापनि हामीले बुझ्यौं र अहिले जस्तै इलाका प्रहरी कार्यालय तालिम केन्द्रलाई भनेर करिब करिब पन्ध्र र दश करोड बजेट छुट्टाइएको छ। यो अबण्डा बजेट हो कि विनियोजित भएको तत् विनियोजित भनेर हो त्यसले गर्दाखेरि यसरी राख्नु हुने थिएन र यो छुट्टै क्षेत्रगत हो भने त्यसलाई छुट्ट्याउनु पर्थियो। त्यो किन यसो गर्न सकिएन? यिनै कुराहरु म बताउन चाहन्छु र अर्कोतिर सञ्चार क्षेत्रमा जुन किसिमको बजेटहरु विनियोजित गरिएको छ त्यो अलि समान र पारदर्शी प्रकारले हुन बनि सकेको छैन। अलि केन्द्रितमुखि बनेको छ कि?   त्यसमा पनि विशेष गरेर राजधानी नै केन्द्रित बनेको छ कि त्यसले गर्दा यसलाई अलि जिल्लागत रुपमा विकेन्द्रित गराउनु पनि पर्ने अवस्था देखिन्छ। यहि कुरा भन्दै म विदा हुन्छु।
धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री मिन प्रसाद गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मिन प्रसाद गुरुङ

माननीय सभामुख महोदय, आज हामी गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयले विनियोजित गरेको आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत वार्षिक कार्यक्रम तथा बजेटको विषयमा छलफल गर्न यहाँ उपस्थित भएका छौं। सभामुख महोदय, पूर्ववक्ता माननीयज्यूहरुले भन्नु भए जस्तै स्वाभाविक रुपले हामीहरु अहिले संघीयताको नयाँ अभ्यासमा उपस्थित भई रहेका छौं। तसर्थ कतिपय अभ्यासहरु हामी सिक्दै र गर्दै गइरहेका छौं। त्यति मात्र होइन संघीयताको जुन संस्थागत गर्ने क्रममा मूल मर्म मान्यताहरु स्थापित गर्ने क्रममा हामी आफैं पनि कतिपय कुराहरुमा दुविधाहरु, स्पष्टताहरु र संविधानमै उल्लेखित कतिपय अनुसूची अधिकारका कुराहरुमा पनि कानून बन्न पर्नुपर्ने र व्यवहारगत रुपले त्यसलाई अझ स्पष्ट पार्नु पर्ने स्थिति रही रहेको परिवेशमा र अझ जुन खाले संघीयता भनेको हो, तहगत रुपले अधिकारको बाँडफाँड, श्रोतहरुको विन्यास हो भनेर हामीले जसरी बुझ्छौं, त्यो आधारबाट अहिले हामीहरु आई नसकेको स्थितिमा जुन खाले कानूनहरु बन्ने क्रममा अर्थात् विडम्बना कानून बनाइन्छ र कानून उलङ्घन गऱ्यो भने त्यसको उपचार गर्ने र त्यसको  सजायको व्यवस्था गर्न नसक्ने स्थितिबाट पनि कानूनहरु अहिलेको प्रदेश सरकारले निर्माण गरिरहेको स्थितिमा यो स्थितिमा साँच्चै नै संघ सरकारमा कतिपय अनुसूचीहरुमा उल्लेखित अधिकारहरु बाहेकका कुराहरु अवशिष्ट अधिकार जसलाई हामीले भन्ने गर्छौं त्यो स्वाभाविक रुपले धैरै प्राक्टिसमा संघ सरकारसँग रहने स्वाभाविक होला तैपनि कानून बनि सकेपछि र न्याय पाउने सवालमा देखिने पनि हुनु पर्छ भन्ने कुराको जुन सारभूत मान्यता छ त्यो आधारबाट यो अप्ठ्यारोमा एक खाललेे भन्ने हो भने रुल अफ ल भन्ने रोल अफ ल का कुरा पनि हो। त्यो स्थितिमा जुन खाले गण्डकी प्रदेशको आन्तरिक तथा कानून मन्त्रालयले आफ्नो विगत वर्षदेखुन कार्यक्रमहरुको बजेटको सिमितता रहँदा रहँदै पनि कामहरु अगाडि बढाएको छ र यो संघीयताको मर्मलाई स्थापित गर्ने कुरामा जुन खालले अगाडि बढेको छ मलाई लाग्छ त्यो धन्यवादको पात्र छ। यो एउटा उदहारण तपाईं हामी सबैलाई थाहा छ। सम्मानित प्रदेश सभाका  सभामुख महोदयज्यू कि हामीहरुले आन्तरिक मन्त्रालय हुन त विधेयकहरुको उत्पत्ति प्रत्येक मन्त्रालय विभिन्न मन्त्रालय विषयगत मन्त्रालयमा होला तर मूलत:  हुन त यो संविधान सभाको त्यो मूल दायित्व छ। अहम भूमिका छ। त्यसो भनि रहँदापनि यस मन्त्रालय अन्तर्गत हामीले २५ वटा ऐनहरु पारित गऱ्यौं, तीन वटा नियमावलीहरु पास गऱ्यौं र तीन वटा अनि त्यस्तै गरेर हामीले अर्को गठन आदेश पनि यसै मन्त्रालय मार्फत आएर हाामीले त्यसलाई कामहरु अगाडि बढाएका छौं। सम्भवत: त्यो एउटा राम्रो उपलब्धि हो र त्यही नियम, ऐन र नियमावली र गठन आदेशको आधारमा अहिले हामीहरु गण्डकी प्रदेशलाई अगाडि दौडाई रहेका छौं र हामी

गर्ववतका साथ हामी यहाँ उभिएर यो छलफल गरिरहेका छौं र हामी एक आपसमा चाहिने यो प्रदेशलाई कसरी समृद्धि तर्फ अगाडि बढाउने भनेर हामी गहन चिन्तनमा छौं। मलाई लाग्छ यो मन्त्रालयको यो आन्तरिक मन्त्रालयको अहम भूमिका हो र यो एउटा चाहिने उपलब्धी हो भन्ने म ठान्दछु। तसर्थ मैले यो बजेट कहाँ कति के कसरी भन्ने कुरा भन्दा पनि अगि नै विद्वान माननीयहरुले भन्नु भएको छ। स्वाभाविक रुपले पहिलो वर्षमा सानो बजेट थियो यसका कार्यक्षेत्रहरु अलिकति साना थिए। पुँजीगत खर्च भन्दा चालु खर्च ठूलो थियो धेरै चाहिने फरक थियो। हामीले अहिले कै चालु खर्चमा पनि लगभग तीस करोडको हाराहारीमा भएको बजेटमा पुँजीगत खर्च ठूलो थियो र कतिपय अहिले साँच्चै नै समिक्षात्मक रुपले भन्नु पर्दाखेरि अहिले आन्तरिक मन्त्रालयले त्यो बजेट खर्च गर्ने सवालमा हुन त्यसो त सबै मन्त्रालयको खर्चको चाहिने त्यो खालको प्रतिशत कम छ त्यही मध्ये पनि आन्तरिक मामिला तथा कानून मन्त्रालयले जुन खाले खर्च गर्न पर्थ्यो या सकिन्थ्यो या विभिन्न कारण होलान् त्यो ज्यादै न्यून छ। लगभग ११ प्रतिशतको हाराहारीमा त्यहींबाट सिक्दै हुन त यसमा बजेट कार्यक्रमहरुको सन्दर्भहरुले पनि त्यो कतिपय कुरा अर्थ राख्ला र अहिले यो वर्ष जुन खाले हामीहरुले उन्साठी करोड उन्सत्तरि नहोला मलाई लाग्छ उन्सठी करोड समथिङ्ग चाहिने बजेट आएको छ। जसमा लगभग चौंसठी प्रतिशत चालु खर्च छ र यसको प्रकृति हेर्दा पनि स्वाभाविकै हो भन्ने लाग्छ। यसलाई हुन त हाम्रो मूल बजेट लगभग लगभग बासठी प्रतिशत, दुई तिहाईकै हाराहारीमा हामीले पुँजीगत खर्च राखि रहेको सिलसिलामा ठीक त्यसको उल्टो हो। हाम्रो चाहिने आन्तरिक मन्त्रालयको बजेट चाहिने लगभग चौसठी प्रतिशतको हाराहारीमा हाम्रो चालु खर्च विनियोजन गऱ्या छ र अरु चौंतिस प्रतिशतको छत्तिस प्रतिशतको हाराहारीमा पुँजीगत खर्च छ र यसो हुनुको अर्थ पनि  मलाई लाग्छ धेरै कार्यक्रम जस्तो हामीहरु अहिले लोकसेवाको हामी यहाँ भर्खरै दर्ता गरेका छौं भने प्रदेश प्रहरी देखि लिएर सशस्त्र प्रहरी आन्तरिक चाहिने सबै यस्ता कुरा जुन गठन गर्ने सम्भावनाहरु छ र भोलि त्यसलाई व्यवस्थापन गर्ने कुरा, कर्मचारीको व्यवस्थापन गर्ने कुरा देखुन लिएर उसहरुको चाहिने अरु श्रोतहरुलाई व्यवस्थापन गर्नु पर्ने कुरा अलि यसरी चाहिने कुरा भने यो अान्तरिक चालु खर्च बढि भएको भनेर मलाई लाग्छ। त्यसो भएको हुनाले जुन खालको बजेटहरु अहिले पक्षबाट भई रहेका छन् मूलत: शिर्षकवाइस माननीयज्यूहरुले भन्नु भए जस्तै मलाई थोरै भएपनि क्यारे महत्वपूर्ण रुपमा छन् र स्वाभाविक रुपले हाम्रो बजेटको कन्सर्नको कुराले यसलाई के चाहिने, के त भन्दा जति पर्याप्त मात्रामा हामीले जुन अर्थमा चाहिने यसलाई महत्व दिनु पर्थ्यो त्यो खाले चाहिने दिन सकिएन होला। जस्तै अब हामीहरुले विपद् व्यवस्थापन जस्तो महत्वपूर्ण कुरा जुन हाम्रो प्रदेशकै कुरा गरिरहँदा वार्षिक रुपले लगभग एक सय त्रियासी जना व्यक्तिहरु त्यो विपद्का कारण बाढि, पहिरो, दैवी प्रकोप, आगजनीका कारणले पनि मृत्यु हुने रहेछ र अनि सयौं बिगाहाहरु सयौं रोपनी जग्गाहरु बालीनालीहरु नाश हुन्छ, पशु चौपाया हुन्छ। यति महत्वपूर्ण एक लाखमा लगभग लगभग 0.0२ प्रतिशत यसले क्षय त्यो खाले आइ रहँदा टोटल ग्राहस्थ उत्पादनमा त्यो महत्वपूर्ण कुरा छ कि जुन गण्डकी प्रदेशको एक प्रतिशत त्यसले ह्याम्पर गर्दो रहेछ। त्यसो भएको हुनाले त्यो आधारबाट यसलाई पर्याप्त आधार क्यारे प्राथमिकता दिएर बजेट आउनु पर्ने थियो तर यसलाई सायद अगि नै मुख्यमन्त्रीज्यूले पनि यहाँ भनि सक्नु भाछ कि बजेट अहिले पूर्वाधारको हामीहरुले मुख्य प्राथमिकता र अरु विविध कुराले गर्दाखेरि सायद उत्पादनको कुरा यो थुप्रै कुराहरु होलान्। सामाजिक विकासको कुरा मानवीय विकासको कुरा ती क्षेत्रहरु हुन त यो त्यतिकै महत्व छ। त्यसो भएको हुनाले यो क्षेत्रमा बजेटको चाहिने न्यूनता भएको हुनाले पनि सायद हामीहरु मलाई लाग्छ मेरो आफ्नो व्यक्तिगत धारणा यसमा बजेट अलिकति बढि एलोकेट गर्न सकिएको भए त्यसले भोलि हुने हुन त यहाँ थुप्रै कार्यक्रमहरु छन्। त्यसलाई पुर्नस्थापना गर्ने कुरा क्षति पूर्तिका कुरा देखुन लिएर त्यसलाई व्यवस्थित गर्ने एउटा पाटो होला तर जुन खाले चाहिने शिर्षकवाइस यहाँ समावेश गर्न खोजिया छ त्यसमा म एकदमै हार्दिकतापूर्वक आभार व्यक्त गर्दै यो बजेटको चाहिने यो कार्यक्रमको पूर्ण समर्थनका साथ मेरा आफ्नो भनाईहरु अन्त्य गर्छु। धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री मेखलाल श्रेष्ठलाई  छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मेखलाल श्रेष्ठ**

सभामुख महोदय, हामी आज यो विनियोजन विधेयक, २०७६ मा आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग सम्बन्धित विषयहरुमा छलफल गर्न गई रहेका छौं तथापि सभामुख महोदयलाई म यो विषय भन्दा केही बाहिर जान अनुमति चाहन्छु।

आज हामी यो लोकतन्त्रमा विश्वास गर्दै, गणतन्त्रमा प्रवेश गर्दै, संघीयतासम्म आउँदा मैले यहि रोष्ट्रमबाट अस्ति बोलेको थिएँ नियत र नियति ति कुराहरुमा माननीयज्यूहरुले धेरै गहन तरिकाले सुन्न भएन होला त्यसो भए हुनाले विभिन्न माननीयज्यूहरुबाट विभिन्न उत्तरहरु आए। त्यसलाई मैले सहर्ष ग्रहण गर्नु पर्दछ। यहि सिलसिलामा आज हामी लोकतन्त्रवादी रहेछौं र हामी यो प्रदेशका माननीयज्यूहरु सबै लोकतन्त्र प्रति कटिबद्ध रहेछौं। लोकतन्त्रको सुन्दर पक्ष भनेकै छलफल, सहमति, गल्ति भएका कुराहरुलाई स्विकार्नु र गल्तिहरुलाई सुधार्दै जानु सबभन्दा ठूलो कुरो रहेछ भन्ने कुरा जुन आज मुख्यमन्त्रीज्यूले भन्नु भयो त्यसलाई उहाँलाई धेरै धेरै धन्यवाद र बधाई दिन चाहन्छु र सबै हामी चाहे ति सत्तापक्षका माननीयहरु चाहे ति प्रतिपक्षका माननीयहरुले आफूले गरेका कमजोर कुराहरु सबै सत्य हुँदैनन्। कुनै-कुनै कुराहरु नियतवश नभएर नियतिवश पनि गल्ति कमजोरी हुन सक्छन् भन्ने कुराहरुलाई स्विकार्दै जान सकियो भने आज हाम्रो गण्डकी प्रदेशलाई अझै अगाडि उन्नत र समुन्नत बनाउन सफल हुनेछौं यसमा अब आइन्दा आउँदो दिनहरुमा हामी सबै माननीयज्यूहरु म, म भनेर अगाडि बढनु हुने छ र म पनि बढने छु भन्ने कुरा यहाँ प्रतिबद्धता जनाउन चाहन्छु। सभामुख महोदय, आज जुन हामी जुन मन्त्रालयगत अन्तर्गत शिर्षकमा छलफल गर्दैछौं पूर्ववक्ता माननीयज्यूले पनि भन्नु भएको थियो यो देशमा भौतिक योजना मात्रैमा विकास गरेर पुल, बाटो, खानेपानी, सिंचाईमा मात्रै विकास गरेर समुन्नत भईदैन् र हुँदैन त्यो विकास गर्नको लागि सर्वप्रथम हाम्रो आवश्यकता भनेको यो देशमा ती कामहरु गर्नको लागि वातावरण बनाउनु पर्दछ त्यो वातावरण बनाउने सबैभन्दा पहिलो अहम भूमिका यो आन्तरिक मामिला मन्त्रालयको जिम्मामा पर्छ भन्ने मलाई लाग्दछ। देशमा कानून भएन भने। कानून निर्माण भएन र ती कानूनहरुले हाम्रा प्रदेशवासी र सबै कारोबार गर्ने कारोबारीहरुलाई डोऱ्याउन सकिएन र त्यो कानूनलाई आन्तरिक मामिला मन्त्रालयले लागू गर्न सकेन भने देशमा भद्रगोलको स्थिति आउन सक्छ र कुनै पनि विकास निर्माणहरुको गति विकास निर्माणहरुले गति लिन सक्दैन त्यही भएको हुनाले यो दुई वटै मन्त्रालय र तीन वटै यसमा सञ्चार पनि जोडिएको छ। यसले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ भन्ने मलाई लाग्दछ। हाम्रो गाउँमा, हाम्रो ठाउँमा, हाम्रो भेगमा के कस्ता कामहरु भएका छन् तिनिहरुलाई प्रचार गर्न सञ्चार मन्त्रालयको त्यतिकै भूमिका हुन्छ भने हामीले बनाएका नीति नियमहरु हामीले बनाएका कानूनहरुलाई कार्यान्वयन गर्ने आन्तरिक मामिला मन्त्रालयको त्यतिकै महत्वपूर्ण भूमिका हुन्छ यसमा छुट्टाइएका बजेटहरुले जुन प्रकारले यो प्रदेशलाई शान्ति सुरक्षामा अव्वल बनाएर यहाँका जनताहरुलाई सुरक्षित महसुस गराएर सबैकाम गर्न, चाहे त्यो व्यापार होस्, चाहे त्यो विकास निर्माण होस्, चाहे त्यो मानवीय संसाधनको विकास गर्न होस् या शिक्षा या अन्य कुनै पनि प्रयोजनको लागि सर्वप्रथम मान्छेलाई म सुरक्षित छु मैले यो काम गर्दा मलाई कुनै कानूनले छेकबार गर्दैन भन्ने वातावरण जबसम्मन बन्दैन तबसम्मन कुनै पनि चीजको विकास हुन सक्दैन भन्ने कुरालाई दृष्टिगत गरेर यो मन्त्रालयले त्यो कुरामा सर्वप्रथम आफूलाई अव्वल रुपमा अगाडि लगेर प्रदेशवासीहरुलाई यसमा एश्युरेन्स गराउनको लागि सफलता मिलोस् कामना गर्दछु। यहि मन्त्रालयले प्रशासनिक रुपमा सबै कर्मचारीहरुलाई तँ काम गर्दैछस् भने आफ्नो नियम कानून भित्र काम गर्दैछस् होइन भने सजायको भागिदार पनि यो मन्त्रालयले गर्न सक्छ है। यो प्रदेशले गर्न सक्दछ भन्ने जिम्मेवारी पनि यहि मन्त्रालयले बोकेको हुनाले चुस्त प्रशासनयन्त्रलाई कार्यान्वयन गर्न पनि यही मन्त्रालय अन्तर्गत पर्दछ। त्यसको लागि मन्त्रीज्यूले नीति बनाउँदा कार्यान्वयन गर्दा त्यही अनुसारको प्रभावकारिता आवोस् र यो प्रदेशमा नीति निर्माण र कानूनहरु चुस्त दुरुस्त रुपमा लागू गर्न सफल हुनुहोस् भन्ने एउटा कामना गर्दछु र त्यही अनुसारको बजेट विनियोजन होस् भन्ने चाहना राख्दछु। भ्रष्टाचार, हो काम गर्दै जाँदा शान्ति सुरक्षा पनि छ नियम कानून पनि छ मान्छेहरुले त्यसलाई उलङ्घन गर्दै जाने एउटा परम्परा हुन्छ। त्यही परम्परालाई भ्रष्टाचारको रुपमा विकसित हुँदै जाँदा भ्रष्टाचार निवारण गर्न पनि यो मन्त्रालयले नियम र कानूनबाट नै मानिसहरुलाई डोऱ्याउन सक्ने भएको हुनाले भ्रष्टाचारको नियमन होस्, नियन्त्रण होस् या नीति निर्माणका कानूनहरु बनाएर जो हामीले काम गर्दै जाँदा अपुग भएका कानूनहरुलाई समस्या भएका कुराहरुलाई समाधान गर्नको लागि चाहिने कानूनहरुलाई परिमार्जन गर्दै आवश्यकताको आधारमा निर्माण गर्दै जानको लागि पनि त्यति नै तदारुकता चाहिन्छ त्यसको लागि बजेट त्यही प्रकृतिले जसरी निर्माण गर्नुपर्ने आवश्यकता छ त्यसको लागि कति कर्मचारी चाहिने हो कि, कुनै विज्ञ समूह चाहिने हो कि, त्यसलाई अध्ययन गर्नको लागि टोली चाहिने हो, त्यो विषयमा विनियोजन भयो भने अझै पनि हाम्रो प्रदेशलाई उत्तम प्रदेश बनाउनको लागि यसले अहम भूमिका खेल्छ भन्ने मलाई लाग्दछ। विपद् व्यवस्थापनका कुराहरु यहाँ धेरै आए यो मन्त्रालयको सबभन्दा महत्वपूर्ण कुरा के हो भने यि प्रदेशका जनताहरु हाम्रै जनता हुन। हाम्रा जनताहरुलाई विभिन्न समयमा विभिन्न प्रकारका अप्ठयारोहरु आउन सक्छ। चाहे त्यो प्राकृतिक रुपमा होस्। चाहे त्यो एक्सिडेण्टल

रुपमा होस्। कुनै बाटोमा हिडि राख्दा गाडि एक्सिडेण्ट भएको बेलामा होस् या प्राकृतिक रुपमा ठूलो बाढि पहिरो र अन्य कुनै प्रकृति प्रकोपले मानिसहरुलाई अप्ठ्यारो परेको बेलामा उसलाई जिउनको लागि बाच्नको लागि र खानैको लागि परेको अप्ठेरो परिस्थितिहरुमा तत्काल रेस्क्यू गर्नको लागि यो मन्त्रालयको महत्वपूर्ण भूमिका हुन्छ र त्यो बेलामा यो मन्त्रालयले उपबल्ध गराउने सहायता ती जो दुखी गरिब र जो असहाय छन्, जो पिडित छन्, उनीहरुले सर्वसुलभ रुपमा, सहज रुपमा, चाँडो भन्दा चाँडो पाएको खण्डमा ती दुखिहरुले आफ्नो जीवनलाई जिउनको लागि सबभन्दा ठूलो भाग्यमानी सम्झनछन् त्यसको लागि यो मन्त्रालय अन्तर्गतमा जुन छुट्टिएको रकम छ, त्यो सारै नै कम छ जस्तो लाग्दछ। अरु अघिल्लो माननीयज्यूले भने जस्तै अन्य तालिम अन्य गोष्ठिको पैसाहरुलाई कटाएर पनि अन्य मुख्यमन्त्री कोषमा छ भने या अर्थमन्त्री सित कुरा गरेर विपद् व्यवस्थापन गर्नको लागि हाम्रो पहाडै पहाड रहेको मुलुक आज बर्खायाम छ। घुम्ति घुम्ति भएको बाटो छ त्यसमा विभिन्न दुर्घटनाहरु हुन सक्छन्। तिनिहरुलाई चाँडो भन्दा चाँडो सम्बन्धित ठाउँमा हस्पिटलमा पुऱ्याउने हो कि? त्यसपछि कुनै औषधी उपचार गर्नुपर्ने हो कि? या त्यसलाई कुनै सेवा दिनु पर्ने हो। त्यसमा चाँडो भन्दा चाँडो सेवा पाउने गरी यो मन्त्रालय चुस्त र दुरुस्त बनाउन सकियो भने सबभन्दा पहिला यो प्रदेशको अरु विकास निर्माणको गति समात्नको लागि महत्वपूर्ण भूमिका खेल्छ भन्ने मलाई लाग्दछ। कुनै पनि काम गर्नको लागि मानिस पहिला तन्दरुस्ति हुनु पर्दछ पहिला शारिरिक रुपमा तन्दरुस्ती हुनु पर्दछ त्यसपछि मानसिक रुपमा तन्दरुस्ती हुनु पर्दछ। मानसिक र सामाजिक, शारिरिक रुपमा तन्दरुस्ती भई सकेपछि जब देशको नीति र कानूनले त्यसलाई डोऱ्याउन्छ त्यसपछि त्यसले आफूले चाहेको गन्तव्यमा पुग्नका लागि त्यसले सहज यात्रा शुरु गर्दछ त्यसको लागि यि तीनवटा मन्त्रालयले अहम भूमिका खेल्दछ र भए गरेका घटनाहरुलाई प्रचार प्रसार गर्नको लागि सञ्चार मन्त्रालयले जुन एउटा महत्वपूर्ण भूमिका खेल्दछ हाम्रो प्रदेश सरकारले पनि पत्रकार बन्धुहरुलाई ती सञ्चारमा भएका कुराहरुलाई ठाउँ-ठाउँमा, गाउँ-गाउँमा र प्रदेशवासीलाई तत्काल सूचनाको अधिकार प्राप्त गर्नको लागि केही रकम विनियोजन गरेको छ। त्यसलाई बढाएर अझै धेरै विनियोजन गरेर प्रदेशमा भएका, गरेका राम्रा कामहरु सूचनाहरुलाई कुना-कुनामा पुऱ्याउनको लागि यो मन्त्रालय अझै सक्षम होस् र यसमा मन्त्रीज्यूले विनियोजन गर्ने बजेटहरुले अझै प्रभावकारिता पावोस् भन्ने शुभकामना व्यक्त गर्दै मेरा भनाई यहिं टुङ्गयाउँछु। धन्यवाद। जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री पुष्पा के.सी.लाई के.सी. भण्डारीलाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय पुष्पा के.सी. भण्डारी

माननीय सभामुख महोदय, विनियोजन विधेयक, २०७६ अन्तर्गत आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग सम्बन्धित विभिन्न शिर्षकहरु माथि छलफल गर्दा यस मन्त्रालयले पच्चिस वटा त ऐन बनाइसकेको, तीन वटा नियमावली बनाई सकेको, तीन वटा गठन आदेश जारी भइसकेका र एक सय त्रिचालिस वटा कार्यविधि र निर्देशिकाहरु जारी भई कार्यान्वयनमा आएको कुरा सर्वविदितै छ। कानून मन्त्रालय भनेको र यसले बनाउने कानूनहरु भनेको एउटा ब्याकबोन जस्तै हो। सबै, सबै हाम्रा मन्त्रालयहरुले गर्ने कामहरुको लागि यसले नै बाटो मार्ग प्रशस्त गर्दछ। त्यसैले यसका काम कारवाहीहरु आफैमा अत्यन्त महत्वपूर्ण छन्। त्यसमा मैले केही विषयहरुलाई यहाँ छलफलमा ल्याएकी छु। यसमा लोकसेवा आयोग गठन भनेर भन्ने एउटा कुरा छ। यो आफैमा अत्यन्त महत्वपूर्ण छ। लोक सेवा आयोग, प्रदेश लोकसेवा आयोगले नै आफ्नो लागि चाहिने कर्मचारीहरु भर्ना लिएर जुन अहिले कर्मचारी अभाव भएको कारणले कतिपय कामहरु गर्नलाई झन असजिलो भइराखेको छ त्यसलाई निराकरण गर्ने छ र आफूलाई चाहिएका आवश्यक परेका कर्मचारी लिएर यसले आफ्नो अगाडिका कामहरुलाई अघि बढाउने छ भन्ने यसले मार्ग प्रशस्त गदर्छ यो बुँदाले। त्यस्तै गरेर प्रदेश प्रहरी भन्ने पनि छ। अहिलेसम्म यो प्रदेश प्रहरी आफूसँग नहुँदा मन्त्रालय छ, मन्त्रीज्यू हुनुहुन्छ तर प्रशासन गृह कसरी चलाउने भन्ने कुरालाई हामी एउटा परनिर्भर जस्तो भएर केन्द्र माथि आश्रित भएर काम गर्नु परि राखेको अवस्था थियो तर अब प्रदेश प्रहरी आफैले लिने र आफैले प्रदेश प्रहरीहरु भर्ना गर्ने र प्रहरी, प्रदेश प्रहरीको तालिम केन्द्र त्यसको प्रदेश

अनुसन्धान ब्युरो जस्ता कुराहरु पनि प्रदेश स्तरमै हुने हुँदा प्रदेश आफैमा प्रशासनिक रुपमा स्ट्रङ्ग हुन्छ भन्ने कुरा यहाँबाट प्रष्ट हुन्छ र यो मलाई मन परेको विषय हो यो। त्यस्तै गरेर विपद् व्यवस्थापन भन्ने कुरा पनि आफैमा महत्वपूर्ण छ। हामी कहाँ गएको हिउँदमा धेरै हिउँ परेर धेरै पशुपक्षीहरु मरे यस्तै बाढि पहिरोले धेरै कुराहरु क्षति भयो मानिस धन र जनको क्षति भयो। त्यो क्षतिलाई व्यवस्थापन गर्नका निमित्त हामीहरुसँग त्यति राम्रो पूर्वाधारको व्यवस्था भई सकेको थिएन तर अब अहिले यसले यी सबै कुराको लागि सम्बोधन गरेको छ। त्यति मात्र नभई स्थानीय स्तरका समितिहरु र त्यहाँ काम गर्ने जुन जनशक्ति छ तिनिहरुलाई समेत तालिम दिएर विपद् पर्दा कसरी व्यवस्थापन गर्न सकिने छ भन्ने कुरालाई पनि यहाँ उल्लेख गरिएको छ अहिलेको बजेटमा, यो विनियोजित बजेटमा यो मन्त्रालय अन्तर्गत यी कुराहरु पनि यहाँ उल्लेख भएका छन् र यसले गति लिंदाखेरि यो धेरै यसले जनतालाई राहत दिनेछ। त्यस्तै गरेर विपद् हुँदै गर्दाखेरि पूर्व सूचनाको कुरा पनि यहाँ उल्लेख छ। विपद् मात्रै होइन कि, त्यसलाई व्यवस्थापन मात्रै गर्ने होइन कि,  विपद् हुनु लाग्यो भने त्यसलाई सूचना गर्ने समेत संयन्त्रको विकासको कुरा यहाँ गरेको छ। त्यो नहुँदाखेरि धेरै कुराहरु भएको थियो। हाम्रै यही पोखरामा माथिबाट गंगाजीको गण्डकीको माथि संचित भई राखेको पानी फुटेर आयो धेरै मानिसहरु त्यहाँ बगेर आउँदै गर्दा माथि यो प्याराग्याडिङ्ग गर्नेहरुले देखेर सूचना गरेर बल्ल भयो तर यो संयन्त्र भइदिएको भए यसरी यो विपद् यो बेलामा हुन सक्छ। सम्भावना यस्तो छ भनेर प्रिकास्ट गर्न सकेको भएदेखि यस्ता चीजहरुबाट बचाउन सकिने थियो तर अहिले हामी यसमा आशावादी हुनलाई यहाँ बजेटले नै यहाँ हुन दिई राखेको छ। मार्ग प्रशस्त गरेको छ।हामीले यसमा ढुक्क हुन सक्छौं। त्यस्तै सूचना सम्बन्धी कुराहरुमा पनि यहाँ निकै राम्रोसँग ल्याइएको छ त्यसमा मैले सूचना सम्बन्धी प्रसार व्यवस्था, सूचना पार्क त्यस्तै प्रदेश स्तरीय सञ्चार ग्रामको स्थापना यस्ता कुराहरुलाई यहाँ उल्लेख गरिएको छ र यो सूचना भन्ने कुरा एकदम धेरै महत्वपूर्ण कुरा हो। यो किन महत्वपूर्ण कुरा हो भने हामीले के के ल्याएको छ राम्रो कुराहरु हरेक मन्त्रालयबाट के के राम्रोहरु कुरा भई राखेका छन्। जनताले के के पाउन सक्छन् यसमा सु-सूचित गराउनका लागि पनि यो अत्यन्त महत्वपूर्ण छ। जनताले लाभ केमा हुँदै छ? यो भयो भनेर हामीले भन्छौं तर जनताहरुले थाहा पाएकै हुँदैन। हाम्रो कृषि मन्त्रालयले के दिन्छ? हाम्रो वनले के दिन्छ? हाम्रो उद्योगले के दिन्छ? जनताले कसरी पाउने कुन चाँहि तरिकाबाट हो त्यो एकदम धेरै महत्वपूर्ण छ। त्यसलाई अझ जनताको हाथमा नै हुने मोबाइलमा सूचना जाने हामीले बनाउनु पर्छ। त्यो पनि यस्तो कि उनीहरुले, किसान महिला, किसान पुरुषहरुले आफ्नो मोबाइलमै त्यो सूचना आवोस्। हामीले के के सुविधा दिंदैछौं? हाम्रो प्रदेशबाट के के सुविधाहरु जनताले पाउँदैछन् भन्ने कुरा उनीहरुको मोबाइल मै आउन सक्ने  भयो भने अझ ै सजिलो हुन्छ किनकि अहिले घाँस काट्न जाने महिलाहरुका पोल्टामा पनि मोबाइल भई राखेको हुन्छ। त्यसैले मैले यतातिर ध्यानाकर्षण गराउन चाहन्छु। कानूनी सचेतना कार्यक्रम भन्ने कुरा पनि आफैमा अत्यन्त महत्वपूर्ण छ। कानून हामीले राम्रो राम्रो लिएर आएको छौं तर जनतालाई थाहा छैन र अन्य हाम्रो संविधानले के के भनेको छ। त्यो पनि हामीलाई थाहा छैन। हामीले भन्छौं हामीलाई यो भएन हामीलाई उ भएन र के हुन सक्छ र के हुन सक्दैन भन्ने कुराको पनि थाहा पाउनु पर्ने हुन्छ। त्यो कुरालाई पनि यो कानूनी सचेतनाले धेरै महत्वपूर्ण भूमिका खेलेको छ। महिलाहरुका हक अधिकारहरु के के हुन भन्ने कुरालाई पनि यसले घरदैलोमा पुऱ्याइ दिन सक्छ। यो सचेतना कार्यक्रम भयो भने हामी भन्छौं हामीलाई अधिकार छ तर कतिपय दिदी बहिनीहरुलाई हामीलाई के के अधिकार छ भन्ने कुराको थाहा छैन। अझै पनि हामी दाइजोमा, अनि छोरी बिहा गरेर दिएपछि अधिकार सक्किएकोको भन्न ठान्छौं। छोरी अंश र वंशको अधिकारी हो र छोरीले अब बाउ-आमालाई पनि उत्तिकै जिम्मेवारीपूर्वक हेर्नु पर्छ भन्ने कुराको चाँहि ज्ञान छैन। त्यसैले अब छोरी के हो? अथवा हामी छोरा छोरी सन्तान जे होस् सन्तान हो अब छोरा होइन, छोरी होइन, हामी सन्तान हो र हाम्रो बराबर हक छ भन्ने कुरालाई पनि यो सूचना कानूनी सचेतना कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ला भन्ने मैले विश्वास लिएकी छु। त्यस्तै गरेर धेरै अरु अरु कुराहरु पनि छन्। त्यस्तै यो शहिद, अपाङ्ग, बेपत्ता भएका र बेपत्ता पारिएका व्यक्ति परिवार एवं उनीहरुको द्वन्दपिडीतहरुको लागि संघ संस्थाको सहकार्यमा यो पुर्नस्थापना तथा राहत कार्यक्रम भनिएको छ। यो कार्यक्रम मैले असाध्यै जरुरी भन्न ठानेको छु किनभने मैले पनि धेरै यस्तो द्वन्दपिडीत साथीहरुसँग ठोक्किन पुगेकी छु र उहाँहरु आफूलाई राज्यले वास्ता नगरेको भन्ने खालको गुनासोहरु अनि भनुम न अब हामीले यत्रो भरोसा गरेर हामी यहाँ हिडेको थियौं तर अहिले हामीलाई केही भएन भन्ने खालको जुन गुनासो छ त्यसलाई यसले सम्बोधन गरेको छ र यसले गम्भिरतापूर्वक यसलाई हामीले व्यवहारमा लैजानु पर्छ। यसलाई हल्का फुल्का लिएर हुँदैन। धेरै मानिसहरु छटपटाई राखेको अवस्था छ र उनीहरुलाई यसले सम्बोधन गरेको हुनु पर्छ भन्ने पनि मेरो सुझाव छ। यति भन्दै यो मन्त्रालयले गरेको कामहरु जे जति छ

त्यो कर्नर स्टोन मात्रै होइन अहिले माइल स्टोन नै तयार भएको छ। आगामी दिनमा यहाँ उल्लेखित कार्यक्रमहरुले प्रदेश शान्ति सुरक्षा सूचना तथा न्यायिक क्षेत्रमा फडको मार्ने छ भन्ने विश्वास व्यक्त गर्दै बजेट समयमा निकासा गरी समयमा कार्य सञ्चालन गर्नका निम्ति समेत सुझाव प्रस्तुत गर्दै आफू र आफ्नो दलको यस मन्त्रालयका सम्पूर्ण कार्यक्रमहरुमा सहमति रहेको जानकारी गराउँदै आज्ञा चाहन्छु। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री सावित्रा रानालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय सावित्रा राना

माननीय सभामुख महोदय, विनियोजन विधेयक, २०७६ आर्थिक वर्ष २०७६/०७७ को वार्षिक विकास कार्यक्रम अन्तर्गत विषयगत छलफल मन्त्रालयको छलफलको सन्दर्भमा आज आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट विनियोजित बजेट छलफलको क्रममा छौं। आन्तरिक मामिला तथा कानून मन्त्रालयले पैंतालिस वटा शिर्षकमा बजेट विनियोजन गरेको छ। सबै बजेट विनियोजन भएका शिर्षकहरु अत्यन्त महत्वपूर्ण छन्। आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश सरकार, प्रदेश सभा सञ्चालनका लागि चाहिने दुई वटा नियमावली, दुई वटा गठन आदेश र तेंतिस वटा नीति तथा कानून निर्माण भएका छन्। आवश्यक थप नीति तथा कानून निर्माण गर्नुपर्ने छ। यसर्थ प्रदेश नीति, कानून, कार्यविधि तर्जुमा कानूनी सचेतनाका लागि बजेट विनियोजन गरिएको छ। यो आवश्यक र अति महत्वपूर्ण छ भन्ने मैले ठानेको छु। यसले थप कानून निर्माण गर्न बनेका विद्यमान कानून स्थानीय तहसम्म जनताको बिचमा सु-सूचित गराउनको लागि महत्वपूर्ण सहयोगी हुनेछ भन्ने कुरा मैले महशुस गरेकी छु। सभामुख महोदय, पत्रकार महासंघ कास्की, बाग्लुङ्ग र तनहुँको भवन निर्माण, संसदीय पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि तालिम, पत्रकार महासंघ गण्डकी प्रदेश र जिल्ला महासंघहरुका अन्तरक्रिया कार्यक्रमहरुका लागि बजेट विनियोजन भएको छ। राज्यको चौथो अङ्ग पत्रकार जगतलाई पनि बजेटले सम्बोधन गरेको छ। सरकार, पत्रकार फ्रेण्डली छैन भन्नेहरुका लागि मलाई लाग्छ यो चोटिलो जवाफको रुपमा पनि यसले लिएको छ। यो पक्कै फलदायी रहनेछ। यसले संस्थाको भौतिक विकास, पत्रकार मित्रहरुको क्षमता अभिवृद्धिमा सहयोग पुग्ने छ। स्थानीय तहमा इलाका प्रहरी, प्रहरी चौकि व्यवस्थापन, भवन निर्माण, यातायातको साधन र उपकरण खरिदका लागि बजेट विनियोजन भएको छ। पक्कै पनि यसले संस्था विकासमा नयाँ आयाम थपिने छ। संस्थाबाट दिने सेवा, छिटो छरितो र नविनता थपिने छ। सेवाग्राही लाभान्वित हुनेछन्। गाउँ, शहर र बस्तिहरुमा सुरक्षाको प्रत्याभूति हुनेछ। यो मैले महशुस गरेको छु। प्रदेश प्रहरीको भावि संरचना सम्बन्धमा अन्तरक्रिया र छलफलका लागि बजेट विनियोजित छ। छलफल र अन्तरक्रियाले भावि प्रदेशको घनिभूत संरचना निर्माणका लागि सहयोग पुऱ्याउने छ। यो मेरो विश्वास हो। आदरणीय सभामुख महोदय, तालिम केन्द्र स्थापनाका लागि बजेट विनियोजन भएको छ। पक्कै पनि प्रहरी प्रशासनलाई आधुनिक, व्यवसायिक, दक्ष बनाई सबै प्रकारका अपराध नियन्त्रण गर्न, शान्ति सुरक्षा भर्पर्दो विश्वसनीय र प्रभावकारी बनाउनका लागि यो बजेटले पक्कै पनि टेवा पुऱ्याउने छ। विपद् बाजा बजाएर आउँदैन। विपद् जहिले जहाँ पनि आउन सक्छ। जो कोहि पनि विपद्मा पर्न सक्छ। विपद् व्यवस्थापन, उद्धार, राहत तथा पुर्नस्थापना खर्च, विपद् कोष स्थापना, विपद् सामग्री खरिद, विपद् पूर्व सूचना प्रणाली स्थापनाका लागि बजेट विनियोजन गरिएको छ। यो अति महत्वपूर्ण छ। यो राज्यको दायित्व पनि हो भन्ने मलाई लाग्छ। सभामुख महोदय, ट्राफिक सचेतना, सडक सुरक्षाका लागि सि.सि. टि.भी. खरिद र जडान गर्ने कार्यको लागि बजेट विनियोजन गरिएको छ। उक्त बजेटको कार्यान्वयनले बढदो सवारी चापलाई व्यवस्थापन, सवारी दुर्घटनालाई न्यूनीकरण गर्नका लागि पक्कै पनि यो सहयोगीको सहयोग पुग्ने छ भन्ने मलाई लागेको छ। बाल सुधार गृह कारागारको भौतिक दुर्व्यसनी न्यूनीकरणको लागि बजेट सम्बोधन बजेटले सम्बोधन गरेको छ। दुर्व्यसनीको लत थाहा नै नपाइकन भूषको जस्तै भित्राभित्रै सल्किने र अपराधजन्य कार्य गर्नका लागि पनि उत्साहित गर्ने हुँदा यस्तो कार्य न्यूनीकरणका लागि बजेट छुट्टिनु अत्यन्त सराहनीय छ। सभ्य र सुसँस्कृत समाज निर्माणका लागि बजेट कार्यान्वयनमा तदारुकताका साथ लाग्नका लागि म सभामुख मार्फत सम्बन्धित पक्षलाई हार्दिक अनुरोध पनि गर्न चाहन्छु। अन्त्यमा

सभामुख महोदय,   सुसभ्य, सुरक्षित समाज र मानव सुरक्षा प्रत्याभूतका लागि बजेट परिलक्षित छ। बजेट तदारुकताका साथ कार्यान्वयनमा जाँदा कार्यक्रमले सार्थकता पाउने छ। यसर्थ म र मेरो दलको तर्फबाट यो यस माथि समर्थन रहेको कुरा निवेदन गर्दै बजेट कार्यान्वयनको सफलताको शुभकामना सहित छलफलबाट ओझेल पर्ने अनुमति चाहन्छु। धन्यवाद। नमस्कार।

## माननीय सभामुख

माननीय सदस्यहरु, आजको लागि यो छलफल यहीँ समाप्त हुन्छ ।

**माननीय सदस्यहरु, अब यो बैठक मिति २०७६ साल असार ११ गते बिहान ११ः००  बजे सम्मको लागि स्थगित हुन्छ ।**